**मजदुर**
*The Worker Daily* दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
**मजदुर दैनिक**
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
*The Worker Daily* दैनिक

Website : www.onlinemajdoor.com




विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २७ ★ अङ्क : ३४८ ★ ने. सं. ११४६ पोहेला गा, द्वितीया ★ सोमबार ★ २१ पुस, २०८२ ★ January 5, 2026, Monday ★ मूल्य रु.५।- ★ पृष्ठ ८


**नेमकिपाको प्रेस विज्ञप्ति**


## राष्ट्रपति मादुरो दम्पतीलाई सकुशल फिर्ता गर !

## भेनेजुयला र ल्याटिन अमेरिकामा ट्रम्प प्रशासनको आक्रमण तत्काल बन्द गर !

भक्तपुर, २० पुस । भेनेजयुलामाथि संरा अमेरिकाले गरेको कायरतापूर्ण हमलाको विरोध र राष्ट्रपति मादुरो र उहाँकी श्रीमतीको सकुशल फिर्ताको माग गर्दै नेपाल मजदुर किसान पार्टीले आइतबाट प्रेस विज्ञप्ति प्रकाशित गरेको छ । पार्टी सचिव प्रेम सुवालको हस्ताक्षरमा प्रकाशित विज्ञप्तिमा उल्लेख छ -

"संरा अमेरिकी साम्राज्यवादले दक्षिण अमेरिकी स्वतन्त्र मुलुक भेनेजुयलामाथि जनवरी ३ मा (स्थानीय समयअनुसार राति २:०० बजे) कायरतापूर्ण एवम् बर्बरतापूर्ण सैनिक हमला गरेकोमा नेपाल मजदुर किसान पार्टी विरोध एवम् भर्त्सना गर्दछ । यही पुस १८ र १९ गते सम्पन्न नेमकिपाको केन्द्रीय परिषद्ले भेनेजुयलामाथि अमेरिकी हमलाको विरोध गरी राष्ट्रपति मादुरो र उहाँकी श्रीमतीको सकुशल फिर्ताको माग गऱ्यो ।

सन् १९९९ मा ह्युगो चाभेज राष्ट्रपति निर्वाचित भएयता भेनेजुयलामा बोलिभारियाली समाजवादी क्रान्ति अगाडि


नेपाल मजदुर किसान पार्टी
केन्द्रीय समिति
गोल्मढी, भक्तपुर-७
फोन : ६६१०९७४
६६१००२६
इ-मेल : nwpp@ntc.net.np
मिति: २०८२ पुस २० गते
च.नं.

प्रेस वक्तव्य

संरा अमेरिकी साम्राज्यवादले दक्षिण अमेरिकी स्वतन्त्र मुलुक भेनेजुयलामाथि जनवरी ३ मा (स्थानीय समयअनुसार राति २:०० बजे) कायरतापूर्ण एवम् बर्बरतापूर्ण सैनिक हमला गरेकोमा नेपाल मजदुर किसान पार्टी विरोध एवम् भर्त्सना गर्दछ । यही पुस १८ र १९ गते सम्पन्न नेमकिपाको केन्द्रीय परिषद्ले भेनेजुयलामाथि अमेरिकी हमलाको विरोध गरी राष्ट्रपति मादुरो र उहाँकी श्रीमतीको सकुशल फिर्ताको माग गऱ्यो ।

सन् १९९९ मा ह्युगो चाभेज राष्ट्रपति निर्वाचित भएयता भेनेजुयलामा बोलिभारियाली समाजवादी क्रान्ति अगाडि बढ्दै आएको हो । संसारका ठुला तेल खानीमध्ये भेनेजुयला पनि एक हो । भेनेजुयलाको तेल खानी तथा खनिज कब्जा गर्न जननिर्वाचित राष्ट्रपति निकोलस मादुरोलाई सत्ताच्युत गर्ने षड्यन्त्रमा अमेरिकी राष्ट्रपति ट्रम्प प्रशासन लागिरहेको हो ।

अमेरिकी साम्राज्यवादले सन् २०११ देखि भेनेजुयलामाथि आर्थिक तथा व्यापारिक नाकाबन्दी लगाउँदै छ । अमेरिकी राष्ट्रपति ट्रम्पले भेनेजुयाली जनतालाई खाद्यान्न तथा स्वास्थ्य उपचारबाट वञ्चित गर्ने थप कदम चलाउँदै छन् । अमेरिकी सरकारले राष्ट्रपति मादुरोमाथि लगाएको लागूपदार्थ ओसारपसारको आरोप झूटा र कपोलकल्पित हो । आफ्नो हैकम स्वीकार नगर्ने देशहरूमाथि हस्तक्षेप र आक्रमण गर्ने अमेरिकी साम्राज्यवादको नीति निन्दनीय छ । राष्ट्रपति मादुरोलाई बलपूर्वक गरिएको अपहरण अमेरिकी सरकारको मुनरो नीतिको सिलसिला हो ।

नेमकिपा भेनेजुयलाको सार्वभौमिकतामाथि हस्तक्षेप तुरुन्त बन्द गर्न ट्रम्प प्रशासनलाई सचेत गराउँदछ; राष्ट्रपति मादुरो र उहाँकी पत्नीलाई सकुशल फिर्ता गरी भेनेजुयाली जनताको स्वतन्त्रताको सम्मान, अन्तर्राष्ट्रिय कानुनको पालना तथा संयुक्त राष्ट्र सङ्घको बडापत्रको कदर गर्न आह्वान गर्दछ ।

भेनेजुयाली जनताको साम्राज्यवादविरोधी सङ्घर्षमा विश्वका जनतासँग नेमकिपा ऐक्यबद्धता व्यक्त गर्दछ । भेनेजुयला र क्यारिबियाली क्षेत्रमा युद्ध होइन शान्ति आवश्यक भएको पार्टीको दृढ अडान पुन: दोहोऱ्याउँछ । अमेरिकी प्रशासनले संसारका अन्य देशको सार्वभौमिकता र आन्तरिक मामिलामा हस्तक्षेप गर्न अविलम्ब रोक्न जरुरी छ । भेनेजुयला र ल्याटिन अमेरिकामा अमेरिकी हस्तक्षेप र आक्रमण तत्काल बन्द गर्न नेमकिपा अपिल गर्दछ ।

२०८२।९।२०
प्रेम सुवाल
सचिव

बढ्दै आएको हो । संसारका ठुला तेल खानीमध्ये भेनेजुयला पनि एक हो । भेनेजुयलाको तेल खानी तथा खनिज कब्जा गर्न जननिर्वाचित राष्ट्रपति निकोलस मादुरोलाई सत्ताच्युत गर्ने षड्यन्त्रमा अमेरिकी राष्ट्रपति ट्रम्प प्रशासन लागिरहेको हो ।

अमेरिकी साम्राज्यवादले सन् २०११ देखि भेनेजुयलामाथि आर्थिक तथा व्यापारिक नाकाबन्दी लगाउँदै छ । अमेरिकी राष्ट्रपति ट्रम्पले भेनेजुयाली जनतालाई खाद्यान्न तथा स्वास्थ्य उपचारबाट वञ्चित गर्ने थप कदम चलाउँदै छन् । अमेरिकी सरकारले राष्ट्रपति मादुरोमाथि लगाएको लागूपदार्थ ओसारपसारको आरोप झूटा र कपोलकल्पित हो । आफ्नो हैकम स्वीकार नगर्ने देशहरूमाथि हस्तक्षेप र आक्रमण गर्ने अमेरिकी साम्राज्यवादको नीति निन्दनीय छ । राष्ट्रपति मादुरोलाई बलपूर्वक गरिएको अपहरण अमेरिकी सरकारको मुनरो नीतिको सिलसिला हो ।

नेमकिपा भेनेजुयलाको

***बाँकी पृष्ठ ८ मा***



# हार्दिक बधाई



यस सेन्ट्रल फाइनान्स लिमिटेडको सञ्चालक समितिका सदस्य डा. **किशोर हाकुदुवाल** त्रिभुवन विश्वविद्यालयबाट प्रकाशित सूचनाअनुसार Meritocracy को आधारमा भक्तपुर बहुमुखी क्याम्पसमा **सहायक क्याम्पस प्रमुख पदमा** नियुक्ति हुनुभएकोमा हार्दिक बधाई एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**सेन्ट्रल फाइनान्स लिमिटेड**
कुपण्डोल, ललितपुर
फोन नं.: ०१-५९७०००५
EmailMinfo@centralfinance=com=np
WebMwww=centralfinance=com=np


## नवप्रवेशी शाखा अधिकृतहरूको टोलीद्वारा भक्तपुरका सांस्कृतिक सम्पदाहरू अवलोकन



भक्तपुर, २० पुस । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले नेपाल सरकारको निजामती सेवामा प्रवेश गरेका नवप्रवेशी शाखा अधिकृतहरूको ६ महिना अवधिको 'आधारभूत प्रशासन प्रशिक्षण' का प्रशिक्षार्थी अधिकृतहरूको टोलीले आज भक्तपुर नगरपालिकाका पुरातात्विक एवम् सांस्कृतिक सम्पदाहरूको अवलोकन भ्रमण गर्यो ।

सोही क्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले प्रशिक्षार्थी अधिकृतहरूलाई मार्गनिर्देश गर्दै भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी शैक्षिक संस्थाहरू सञ्चालन गरेकै कारण आज भक्तपुर ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास भइरहेको बताउनुभयो ।

उहाँले नपाबाट सञ्चालित उक्त कलेजहरूमा देशका ७७ जिल्लाबाट विद्यार्थीहरू अध्ययन गरिरहेको बताउँदै २०५६ सालमा ख्वप मावि स्थापनासँगै हाल ख्वप विश्वविद्यालय सञ्चालन गर्ने अवस्थामा नगरपालिका पुगेको बताउनुभयो । उहाँले नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरू भक्तपुर नगरपालिकामा निर्वाचित भएर आइसकेपछि "एक घर एक स्नातक" उद्देश्य पूरा गर्न शैक्षिक संस्थाहरू सञ्चालन गरेको र यसबाट नगरको मात्र नभई देशभरिकै युवाहरूले उच्च शिक्षाका लागि बिदेसिन नपर्ने हुँदा यहाँको सम्पूर्ण जनताको सेवा भइरहेको प्रस्ट पार्नुभयो । नगरपालिकाले सञ्चालन गरेको शैक्षिक संस्था र अस्पतालमार्फत हाल सम्पूर्ण जनताको सेवा भइरहेको पनि बताउनुभयो । नेपाल मजदुर किसान पार्टीको उद्देश्य पनि देश र जनताको नि:स्वार्थ सेवा गर्नु हो भन्नुभयो ।

रुसले समाजवादी व्यवस्था स्थापनापछि २० वर्षमा विश्वकै दोस्रो अर्थतन्त्र बनाउन सफल भएको जानकारी दिनुभयो । तर नेपालमा २०४६ सालको जनआन्दोलनबाट बहुदलीय व्यवस्था प्राप्तपछि ३५ वर्षमा ठुला भनाउँदा पार्टीहरूले देशको विकास भन्दा देशलाई झण्डै २८ खर्ब ऋणको भार बोकाएको भन्नु भयो । विदेशी ऋण र विदेशी सहयोग मार्फत देश उपनिवेश हुने खतरा हुनेबारे पनि सचेत हुन जोड दिनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति नारालाई सार्थक बनाउन विदेशी सहयोगको मुख नताकिकन यहाँकै जनताको जनसहभागिता र सहयोगमा यहाँको सम्पदा संरक्षण गर्न सफल भएको बताउनुभयो । सांस्कृतिक सम्पदा संरक्षणमा ठेका पत्ताबाट नभई यहाँकै स्थानीयबासीहरूको उपभोक्ता समितिमार्फत काम गर्दा जनसहभागिता

***बाँकी पृष्ठ ८ मा***

### व्यङ्ग्यचित्र कुनो



# २५ वर्षपछि पूर्वविद्यार्थीहरूद्वारा शिक्षक-शिक्षिका सम्मान




भक्तपुर, २० पुस । वि.सं. २०५७ सालमा बासु माध्यमिक विद्यालय, भक्तपुरमा कक्षा १० मा अध्ययन गरेका पूर्वविद्यार्थीहरूले विद्यालय शिक्षा पूरा गरेको २५ औँ वर्षगाँठको उपलक्ष्यमा आइतबार साक्व रिसोर्ट शङ्खरापुरमा भेटघाट तथा शिक्षक सम्मान कार्यक्रम आयोजना गरे ।

कार्यक्रममा तत्कालीन प्रधानाध्यापक तथा शिक्षक-शिक्षिकाहरूलाई दोसल्ला ओढाइ, मायाको चिनो तथा उपहारसहित सम्मान गरिएको थियो । सम्मानित व्यक्तित्वहरूमा पूर्वप्रधानाध्यापकहरू बालमुकुन्द बासुकला र अम्बिका न्याइचाई तथा पूर्वशिक्षक-शिक्षिकाहरू लक्ष्मीभक्त लासिवा, गोपाल बासुकला, पुरुषोत्तम नापित, राजुराम लोहला, राजेन्द्र प्रधान, दुर्गा न्यौपाने, प्रेम थापामगर, हरिमाया कायस्थ, गणेश थिङलगायत रहनुभएको थियो ।

सो अवसरमा पूर्वप्रधानाध्यापक बालमुकुन्द बासुकलाले शिक्षण पेसामा संलग्न शिक्षकहरूले पाठ्यक्रमसँगै विद्यार्थीहरूलाई नैतिक, सामाजिक तथा राजनीतिक शिक्षासमेत दिनुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले बासु माध्यमिक विद्यालयको स्थापना, यसको ऐतिहासिक पृष्ठभूमि तथा शिक्षा क्षेत्रमा पुऱ्याएको योगदानबारे चर्चा गर्नुभयो ।

सम्मान ग्रहण गर्ने अन्य शिक्षक-शिक्षिकाहरूले २०५७ ब्याचका विद्यार्थीहरूलाई शुभआशीर्वाद तथा धन्यवाद व्यक्त गर्दै उनीहरूको प्रगतिप्रति खुसी प्रकट गर्नुभयो । उहाँहरूले विद्यालय जीवनका सम्झनाका क्षणहरू स्मरण गर्दै अवकाशपछिको जीवनका अनुभवहरूबारे बताउनुभयो । बासु माध्यमिक विद्यालयका पूर्वविद्यार्थीहरूले समाजमा विभिन्न क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याइरहेका र विभिन्न परिस्थितिमा सहजीकरण गर्दै आएको विषयमा पनि शिक्षकहरूले प्रशंसा गर्नुभयो ।

उक्त कार्यक्रम बासु मा.वि. २०५७ ब्याचका पूर्वविद्यार्थीहरूको समूहको पहलमा आयोजना गरिएको थियो । कार्यक्रम आयोजक समितिका संयोजक तथा पूर्वविद्यार्थी रमेश सुकमनीले पाठ्यपुस्तकको ज्ञान मात्र नभई जीवन जिउने कला, नैतिकता, अनुशासन र जिम्मेवारी सिकाउन शिक्षकहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको उल्लेख गर्दै गुरु-शिष्य सम्बन्धको महत्त्वमाथि प्रकाश पार्नुभयो । पूर्वविद्यार्थी गणेशराम ध्वजुले यो भेटघाटले सबैलाई पुन: विद्यार्थी जीवनका सुनौलो दिनहरूमा फर्काइदिएको उल्लेख गर्दै समय बिते पनि गुरु-शिष्यको सम्बन्ध कहिल्यै पुरानो नहुने र शिक्षकहरूको योगदान पुस्तौँसम्म जीवित रहने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा पूर्वविद्यार्थी रत्नमैयाँ भैलले स्वागत मन्तव्य दिँदै शिक्षकहरूले प्रदान गर्नुभएको जीवनोपयोगी शिक्षाका कारण आजको सफलता सम्भव भएको उल्लेख गर्नुभयो । कार्यक्रममा उपस्थित अन्य पूर्वविद्यार्थीहरूले शिक्षकहरूप्रति आभार प्रकट गर्दै आफूहरू हाल संलग्न रहेका सकारात्मक तथा सामाजिक कार्यहरूबारे जानकारी गराएका थिए ।

# निर्वाचन आचारसंहिता

## निर्वाचनमा बालबालिका प्रयोग गर्न नपाइने

काठमाडौँ, २० पुस । आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तय भएको आचारसंहितामा सरकारी तथा अर्धसरकारी निकायले कुनै पनि दलको पक्ष विपक्षमा कुनै पनि गतिविधि गर्न नपाइने गरी आचारसंहिता तय गरिएको छ ।

निर्वाचन आयोगले तय गरेको आचारसंहितामा कुनै पनि परियोजनाको स्रोत साधन र सम्पत्ति कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रयोग हुने गरी कुनै पनि साधन तथा स्रोत उपलब्ध गराउन नपाइने व्यवस्था गरिएको छ । आयोगले सञ्चालन गर्ने निर्वाचन व्यवस्थापन र मतदाता शिक्षालगायत अन्य कार्यक्रममा कुनै किसिमले अवरोध हुने गरी कुनै कार्य गर्न वा निर्वाचनसँग सम्बन्धित सामग्री वा सूचनालाई बिगार्न वा कुनै किसिमले थपघट गर्न वा गराउन पाइने छैन ।

आचारसंहिताअनुसार कुनै सरकारी वा अर्धसरकारी निकाय वा सार्वजनिक संस्था वा विश्वविद्यालय वा विद्यालय वा महाविद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचनसम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन पाइने छैन । राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिह्नअङ्कित ज्याकेट, कमिज, भेस्ट, टिसर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टिकर, लोगो, झोला, ब्याच, ट्याटुजस्ता साङ्केतिक सामग्री उत्पादन गर्न, प्रयोग गर्न, बिक्री वितण गर्न वा प्रदर्शन गर्न गराउन नपाइने व्यवस्था गरिएको छ ।

घर वा जग्गाधनीको स्वीकृति नलिई कसैको निजी संस्था वा संस्थागत स्वामित्वको घरजग्गामा राजनीतिक गतिविधि वा प्रचारप्रसार गर्न वा गराउन नहुने व्यवस्था आचारसंहितामा गरिएको छ । बालबालिकालाई निर्वाचनको प्रचारप्रसारमा प्रयोग गर्न वा गराउन नपाइने व्यवस्थासमेत आचारसंहितामा गरिएको छ । सार्वजनिक आवागमनमा अवरोध हुने गरी कुनै प्रकारको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा निर्वाचन प्रचारप्रसारसमेत गर्न नपाइने व्यवस्था आचारसंहितामा गरिएको छ । सामाजिक सञ्जालमा गलत, भ्रामक, द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउनसमेत नपाइने व्यवस्था आचारसंहितामा गरिएको छ । ***(रासस)***

# छोलेश्वर साकोसको एघारौँ वार्षिक साधारणसभा




भक्तपुर, २० पुस । छोलेश्वर महादेव कृषि सहकारी संस्था लिमिटेडको एघारौँ वार्षिक साधारणसभा संस्थाका संस्थापक अध्यक्ष रतनलाल कैतीले कालीघाट सत्तलको सभा हलमा शनिबार समुद्घाटन गर्नुभयो ।

संस्थाको अध्यक्ष श्यामकृष्ण बासुकलाको सभापतित्वमा भएको उक्त सभामा संस्थाका सदस्य कृष्णाराम बासुकलाले स्वागत मन्तव्य व्यक्त गर्नुभयो ।

संस्थाका प्रमुख अतिथि कैतीले संस्थाको प्रगतिको कामना गर्नुभयो ।

संस्थाका पूर्वअध्यक्ष तथा सल्लाहकार कृष्णकुमार राजचलले विभिन्न सुझाव दिनुभयो । लेखा समितिका संयोजक तुल्सीराम सुवालले आफ्नो मन्तव्य सचिव, दीपक बासुकलाले प्रगति प्रतिवेदन, कोषाध्यक्ष पुण्यराम बासुकलाले आर्थिक प्रगति विवरण प्रस्तुत गर्नुभयो ।

# न्यायालय बलियो भएमात्र नागरिकलाई ढुक्क हुने अवस्था हुन्छः प्रधानन्यायाधीश राउत

काठमाडौँ, २० पुस । प्रधान न्यायाधीश प्रकाशमान सिंह राउतले न्यायालय बलियो भएमात्र नागरिकलाई ढुक्क हुने अवस्था हुने बताउनुभएको छ ।

सर्वोच्च अदालतमा आइतबार आयोजित प्रधान सम्पादक, सम्पादक तथा वरिष्ठ पत्रकारहरूसँगको छलफलमा प्रधान न्यायाधीश राउतले अदालतमाथि श्रृङ्खलावद्ध प्रहारले न्यायालय कमजोर हुने भएकाले न्यायालय बलियो भए मात्रै नागरिकलाई ढुक्क हुने अवस्था हुने बताउनुभयो ।

"श्रृङ्खलाबद्ध प्रहारले अदालतलाई कमजोर बनाउने काम भएको छ, न्यायाधीश डरायो भने राज्यको चौथो अङ्ग पनि सुरक्षित हुँदैन," उहाँले भन्नुभयो, "प्रेस स्वतन्त्रता र सम्मानमा कहालीलाग्दो दिन आउन सक्छ, न्यायालय बलियो हुँदा नागरिकलाई ढुक्क हुने अवस्था हुन्छ ।"

न्यायापालिका, अदालत, न्यायाधीशमाथि लक्षित गरी सुनियोजित तरिकाले आपत्तिजनक टिप्पणी गरिएको उल्लेख गर्दै प्रधानन्यायाधीश राउतले भन्नुभयो, "न्यायाधीशका तस्वीर उल्टो बनाएर छापिएको छ, सुनियोजितरुपमा राखिएको छ ।"

न्यायालयको स्वस्थ आलोचना गर्न र टिप्पणी गर्न कुनै समस्या नभएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "लोकतन्त्रमा, खुल्ला समाजमा, बहुलवादमा संविधानप्रदत्त अधिकारको भरपुर उपयोग गर्न पाइन्छ, त्यो हेक्का हामीलाई छ, तर स्वस्थकर आचोचना होस्, अतिरञ्जना नहोस् ।"

प्रधानन्यायाधीश राउतले अदालत भनेको अत्यन्तै संवेदनशील संस्था भएको उल्लेख गर्दै सत्य, तथ्य र प्रमाणका आधारमा मात्रै मुद्दालाई हेर्नुपर्ने बताउनुभयो । "अदालतबाट धेरै कुरा बुझाउन सकिएको छैन होला, त्यो अपेक्षा सञ्चारमाध्यमसँग छ," प्रधान न्यायाधीश राउतले भन्नुभयो, "अदालतमा विधि, प्रक्रिया हुन्छ, मुद्दामा तथ्य, प्रमाण, कानुन हेर्नुपर्छ, त्यो कस्ले बुझ्छ ? त्यति गर्दा पनि गल्ती भएमा जिल्ला हुँदै, उच्च हुँदै चित्त नबुझेको अवस्थामा सर्वोच्च अदालतमा आउने सक्ने संवैधानिक व्यवस्था छ ।"

प्रधानन्यायाधीश राउतले अभिव्यक्ति स्वतन्त्रताको अधिकतम प्रयोग गर्ने व्यक्ति पत्रकार भएको उल्लेख गर्दै न्यायालयविरुद्ध घृणा फैलाउने काम भयो र त्यसको असर न्यायमा पर्यो भन्ने गम्भीर असरपर्ने बताउनुभयो ।

"हामी सच्चिनुपर्ने ठाउँमा सच्चिन्छौँ, तर नियतवस अदालत र न्यायाधीशको हुर्मत लिने छुट पनि कसैलाई हुँदैन, कहीँ हामी हाम्रै कमीकमजोरीका कारणले त समस्यामा परेका छैनौँ, निर्मम समीक्षा गरिरहेका छौँ ।"

देशको सम्वेदनशील घडीमा आशा, भरोसा, विश्वासको पुञ्ज मुलुकका सञ्चारमाध्यम नै भएको, न्यायालयको गरिमा बढाउनका लागि स्वस्थ आलोचना र सुझाव राख्न आग्रह गर्दै भन्नुभयो, "न्यायालयप्रति स्वस्थ्य आलोचना गर्नुस, तर बदनियत राखेर नगर्नुस, यो सबैलाई चाहिने संस्था हो, जुन दिन यो संस्था धरमराउन थाल्छ, तब धेरै असहज परिस्थितिको सिर्जना हुन सक्छ ।"

सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले देश अस्थिर, जटिल र तरलतातर्फ गइरहेको अवस्थामा स्थिरता दिनुपर्ने जरुरी भएको उल्लेख गर्दै न्यायालय विश्वासिलो बनाउन जरुरी भएको बताउनुभयो ।

न्यायालयमा भौतिकरुपमा क्षति भएपनि न्यायको दीप मर्न नदिने गरी काम गरिरहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "न्यायपालिका अस्त्रविहीन निकाय हो, हामीमाथि अस्त्रको रूपमा कुनै माध्यमको प्रयोग भइरहेको छ, न्यायालय र प्रेस एकअर्काका परिपूरक भएकाले हामीलाई सुधार गर्नुपर्ने विषय उजागर गरिदिनुभएको छ, न्यायालय आभारी छ ।"

वरिष्ठतम् न्यायाधीश मल्लले मुलुक जटिल अवस्थामा गइरहेको र त्यसका असर न्यायापालिकामा पनि देखिएकाले सल्लाह/सुझावका लागि कार्यक्रमको आयोजना गरिएको उल्लेख गर्दै उहाँले भावना बढी फैलाउने तर सत्यको खोजी नगर्नेजस्तो समस्या देखिएकाले लोकतन्त्रका दुई खम्बा न्यायालय र प्रेस मिलेर काम गर्नुपर्ने भनाइ राख्नुभयो ।

छलफलमा विभिन्न सञ्चारमाध्यमका प्रधान सम्पादक, सम्पादक, वरिष्ठ पत्रकारहरूले न्यायालयको आदेश/फैसला सरल भाषामा सबैले बुझ्ने खालको हुँदा बुझ्न सहज हुने, घृणास्पद अभिव्यक्ति र अभिव्यक्ति स्वतन्त्रतालाई छुट्याएर हेर्नुपर्ने, आफ्नो हक/अधिकारको प्रयोग गर्दा अर्काको अधिकार हनन् नहुने तरिकाले अभिव्यक्ति दिनुपर्ने, सामाजिक सञ्जालमा आएका सूचनालाई समाचारको रुपमा हेर्न नहुने, स्वतन्त्र न्यायापालिकाको गरिमामा असर पर्ने गरी विषयवस्तु प्रस्तुत नभएकालगायत धारणा राख्नुभएको थियो ।

# भूमिहीन दलित, भूमिहीन सुकुमवासीको विवरण सङ्कलन सुरु

बैतडी, २० पुस । भूमि समस्या समाधान आयोगका जिल्ला समितिहरू पुन: सक्रिय भएका छन् ।

आयोग खारेज गर्ने सरकारको निर्णय सर्वेच्च अदालतले बदर गरिदिएपछि जिल्लास्तरमा पुन: काम सुरु भएको भूमि समस्या समाधान आयोग जिल्ला समितिका अध्यक्ष रमेश पाण्डेयले जानकारी दिनुभयो । जिल्ला समन्वय समितिका प्रमुख खगेन्द्रसिंह धामी, प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलसमेतको उपस्थितिमा बसेको जिल्ला समितिको बैठकले आगामी माघ २५ गतेभित्र भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको विवरण उपलब्ध गराउन पालिकाहरूलाई पत्राचार गर्ने निर्णय गरेको छ ।

पालिकाहरूलाई पठाएको पत्रमा सबै वडाबाट सङ्कलित आवेदन आयोगको कम्प्युटर प्रणालीमा प्रविष्ट गर्ने, वडा तथा स्थानीय तह सहजीकरण समिति गठन गर्ने, कार्यविधिबमोजिम दाबीविरोधका सूचना टाँस गरी आवेदनमाथि आवश्यक छानबिन गरी प्रमाणीकरण गर्ने, मागबमोजिम प्रमाणीकरण नभएका आवेदनहरूको सूची टाँस गर्ने, भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई नियमानुसार उपलब्ध गराउन सकिने जग्गाको विवरण एकिन गरी कार्यपालिकाबाट निर्णय गर्नेलगायत काम गर्ने, वडा तह तथा कार्यपालिकाबाट सूचना एवं निर्णय प्रमाणीकरण भएका भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको विवरण जिल्ला समितिमा उपलब्ध गराउनुपर्ने उल्लेख गरिएको छ ।

स्थानीय तहहरूबाट विवरण उपलब्ध भएपछि आयोगको जिल्ला समितिले अन्य काम अघि बढाउने जनाएको छ । समितिले भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोवासीलाई लालपुर्जा वितरण गर्नेसम्मको अधिकार पाएको छ । जिल्लामा अहिलेसम्म तीन हजार जनाको आवेदन दर्ता भएको र साढे तीन हजारको हाराहारीमा भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासी रहेका अनुमान गरिएको छ । ***(रासस)***

## सङ्क्षिप्त समाचार

## सामाजिक सद्भाव कायम राख्न प्रशासनको आह्वान

वीरगञ्ज (पर्सा), २० पुस । जिल्ला प्रशासन कार्यालय पर्साले जिल्लामा सामाजिक सद्भाव कायम गर्नका लागि सबैसँग आह्वान गरेको छ ।

आज वीरगञ्जमा भएको प्रदर्शनलाई मध्यनजर गर्दै समाजमा शान्ति सुरक्षा कायम राख्नका लागि पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले सार्वजनिक अपिल गर्नुभएको हो । उहाँले सामाजिक सद्भावमा खलल पुऱ्याउने कुनै पनि खालको गतिविधि नगर्न आह्वान गर्नुभएको छ ।

"एक अर्कामा सामाजिक तथा धार्मिक वा सांस्कृतिक द्वेष भाव सृजना गरी राष्ट्रिय एकतामा आँच पुऱ्याउने वा झूटा अफवाह फैलाई समुदायको सामाजिक मानमर्दन गर्ने कार्यमा संलग्न व्यक्तिहरूको फेसबुक, टिकटक, इन्स्टाग्रामलगायतको सामाजिक सञ्जाल खाताको सूक्ष्म निगरानी भइरहेको छ", उहाँले भन्नुभयो । यस्ता गतिविधिलाई गम्भीरतापूर्वक लिई सचेत र सजग हुन पनि अनुरोध गरिन्छ । *(रासस)*

## वर्षाको अद्यावधिक आकलन अझै कम वर्षा हुने

काठमाडौँ, २० पुस । जल तथा मौसम विज्ञान विभागले अझै केही महिना वर्षा सरदरभन्दा कम हुने आकलन सार्वजनिक गरेको छ । सार्वजनिक आकलनअनुसार यही पुस १७ देखि आगामी फागुन १६ गतेसम्मको अवधिमा सरदरभन्दा कम वर्षा हुने अनुमान गरिएको विभागले जनाएको छ ।

विभागका सूचना अधिकारी दिनकर कायस्थका अनुसार गत डिसेम्बरमा पनि सरदरभन्दा कम वर्षा भएको थियो । आउँदा दिनमा पनि कम वर्षाको आकलन गरिएको उहाँले बताउनुभयो ।

यही पुस १७ गतेदेखि फागुन १६ गतेको दुई महिना अवधिमा देशका अधिकांश भूभागमा सरदरभन्दा कम वर्षा हुने बताउँदै उहाँले सुदूरपश्चिम, कर्णाली प्रदेशका उत्तरी भूभाग र गण्डकी प्रदेशका उत्तर-पश्चिमी भूभागमा सरदरभन्दा कम, सरदर र सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको उल्लेख गर्नुभयो । कायस्थका अनुसार सुदूरपश्चिम प्रदेशका मध्य भूभाग, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशका दक्षिणी भूभाग, बाग्मती प्रदेशका अधिकांश भाग, मधेस प्रदेशका मध्य भूभाग र कोशी प्रदेशका पश्चिमी भूभागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ ।

सुदूरपश्चिमका दक्षिण-पश्चिमी भूभाग, कर्णालीका मध्य भूभाग, लुम्बिनीका उत्तरी भूभाग, गण्डकीका मध्य भूभाग, बाग्मतीका मध्य भूभाग, मधेसका पूर्वी तथा पश्चिमी भूभाग र कोसी प्रदेशका मध्य तथा दक्षिणी भूभागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको उहाँले जानकारी दिनुभयो । *(रासस)*

## बाँकेमा अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरणको तयारी

राँझा (बाँके), २० पुस । भूमि समस्या समाधान आयोगले बाँकेमा पुन: काम सुरु गरेको छ । भूमि समस्या समाधान आयोग जिल्ला समितिले जिल्लाको कोहलपुर नगरपालिका, बैजनाथ र राप्तीसोनारी गाउँपालिकाका दुई हजार १०१ अव्यवस्थित बसोबासीको जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) वितरणको तयारी गरेको आयोग जिल्ला समितिका अध्यक्ष घननाथ खनालले जानकारी दिनुभयो ।

उहाँका अनुसार आयोगको हालैको बैठकले जिल्लाको कोहलपुर नगरपालिका, बैजनाथ र राप्तीसोनारी गाउँपालिकाका दुई हजार १०१ अव्यवस्थित बसोबासीको जग्गा दर्ता र दाबीविरोधका लागि एक हप्ताको म्याद दिइएको छ ।

"राप्तीसोनारी-४ का आठ सय ६१ जना र बैजनाथ-७ का तीन सय ७२ जनालाई राजस्व तिर्नका लागि र कोहलपुर-१ का आठ सय ६८ जनालाई दाबीविरोधका लागि सूचना जारी गरिएको छ", आयोगका अध्यक्ष खनालले भन्नुभयो, "हामीले धमाधम काम सुरु गरेका छौँ, राजस्व र दाबीविरोधको सूचनाअनुसार लालपुर्जा तयार र वितरणको काम हुनेछ ।"

वर्षौंदेखि जोतभोग गर्दै आएको जग्गाको लालपुर्जा पाउने आसमा रहेका स्थानीय बासिन्दा नापी सुरु भएपछि उत्साहित छन् ।


बाँकेमा हालसम्म ५३ हजार ७०५ जना भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्तिका लागि आयोगमा आवेदन दर्ता गराएका छन् । जसमध्ये भूमिहीन दलितको सङ्ख्या तीन हजार ६८१, भूमिहीन सुकुमवासीको सङ्ख्या छ हजार ७९८ र अव्यवस्थित बसोबासीको सङ्ख्या ४३ हजार २२६ रहेको अध्यक्ष खनालले जानकारी दिनुभयो । *(रासस)*

## सुमो दुर्घटनाका घाइतेमध्ये छ जनाको मृत्यु

बागमती, २० पुस । हेटौँडा-काठमाडौँ जोड्ने भीमफेदी-कुलेखानी-काठमाडौँ सडक खण्डअन्तर्गत भीमफेदी गाउँपालिका-६ जुरीखेतस्थित सडकमा आइतबार साँझ भएको सुमो गाडी दुर्घटनामा छ जनाको मृत्यु भएको छ ।

काठमाडौँबाट हेटौँडातर्फ आउँदै गरेको ना१ज १७७८ नंको सुमो गाडी दुर्घटना हुँदा घाइते भएका नौ जनामध्ये छ जनाको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता, प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीले जानकारी दिनुभयो । मृतकहरूको सनाखत हुन बाँकी छ ।

प्रवक्ता बोगटीका अनुसार घाइतेलाई उद्धार गरी उपचारका लागि हेटौँडा अस्पताल पुऱ्याइएको थियो । तीन जनाको भने सोही हेटौँडा अस्पतालमा उपचार भइरहेको छ ।



**भोजपुरको घोडेटार**

भोजपुरका दक्षिणी क्षेत्रको व्यापारिक केन्द्र घोडेटार बजार । यो स्थान हतुवागढी गाउँपालिका केन्द्र पनि हो । *तस्बिर : युवराज विष्ट/रासस*

# बुद्ध जन्मस्मारक शिला: मौन साक्षीले बोलिरहेको इतिहास

**- रामविकास चौधरी**

लुम्बिनी (मर्चवार), २० पुस । बुद्ध जन्मस्थल लुम्बिनीबारे धेरैलाई जानकारी छ, तर बुद्ध जन्मबिन्दुबारे भने धेरैलाई जानकारी नहुनसक्छ । यसबारे सदियौँदेखि थरीथरीका चर्चा हुँदै आए पनि प्रमाणित तथ्य भने अन्योलमै थियो । यही अन्योलका बिच सन् १९९६ फेब्रुअरी ४ अर्थात् विसं २०५२ माघ २१ मा एउटा प्रमाण फेला पऱ्यो, जसले हजारौँ वर्षदेखिको अन्योललाई चिरेको जानकारहरू बताउँछन् ।

सो दिन मायादेवी मन्दिरको गर्भमा भेटिएको एक 'बलौटे ढुङ्गा' लाई संसारसामु सार्वजनिक गरिएको थियो । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा सार्वजनिक गरिएको त्यस प्रमाणले बुद्ध जन्मस्थलबारे विश्वभर चलिरहेका सबै प्राज्ञिक बहस र चर्चामा 'पूर्णविराम' लगाएको थियो ।

लुम्बिनी विकास कोष पुरातत्व महाशाखा प्रमुख हिमाल उप्रेतीका अनुसार सन् १९९२ देखि १९९५ सम्म लुम्बिनी विकास कोष, नेपाल सरकार पुरातत्व विभाग र जापान बुद्धिस्ट फेडेरसनले संयुक्त रूपमा उत्खनन गर्दा मन्दिरको जगमा एउटा भग्नावशेष भेटिएको थियो । १५ तहका इँटाहरूको सुरक्षा घेरा (चेम्बर) भित्र त्यो प्राचीन ढुङ्गा विशेष रूपले सजाइएको अवस्थामा फेला परेको थियो । त्यही ढुङ्गालाई शाक्यमुनि बुद्धको जन्मस्थलबारे निर्विवाद ऐतिहासिक प्रमाणका रूपमा लिइएको छ ।

महाशाखा प्रमुख उप्रेतीले भन्नुभयो, "यो ढुङ्गा ठ्याक्कै त्यही स्थानमा भेटिएको थियो, जसको मुनि इसापूर्व छैटौं शताब्दीको काठको प्राचीन मन्दिरको अवशेष भेटिएको थियो । यसले बुद्धको समयदेखि नै यो स्थानलाई 'पवित्र' मानी पूजा गरिँदै आएको तथ्यलाई वैज्ञानिक रूपमै प्रमाणित गरिदियो ।"

उहाँका अनुसार अशोकस्तम्भको शिलालेखमा उल्लिखित 'सिलाविगडाभिच' शब्दले पनि यसै 'जन्मस्मारक शिला' लाई सङ्केत गरेको छ ।

यहाँ ७० सेन्टिमिटर लम्बाइ र ४० सेन्टिमिटर चौडाइ भएको 'जन्मस्मारक शिला' पाइएको थियो । लुम्बिनी र बुद्ध धम्मका अध्येता भोला गुप्ताले त्यसबारेका इतिहाससँग जोडिएको किंवदन्तीबारे भन्नुभयो, "तत्कालीन लुम्बिनीका बासिन्दाले बुद्ध जन्मेको बिन्दुमा राखेर त्यो ढुङ्गालाई पूजापाठ गर्दै आएका थिए । इसापूर्व २४९ मा सम्राट अशोकले सोही ढुङ्गालाई व्यवस्थित रूपमा स्थापना गरी आफूले समेत पूजापाठ गर्नुभएको इतिहास छ ।"

लुम्बिनी बचाऊ महाअभियानका संयोजक अकरम खाँनले यो शिला एउटा ढुङ्गा मात्र नभई लुम्बिनीको अस्तित्वको आधारका रूपमा रहेको बताउनुभयो ।




उहाँले भन्नुभयो, "इसापूर्व छैटौं शताब्दीमा मायादेवी मन्दिरभित्र बुद्धको जन्मस्थानमा स्थापित यो ऐतिहासिक बुद्ध जन्मस्मारक शिला नभेटिएको भए विश्वले अझै पनि बुद्धको जन्मबिन्दु खोजिरहनुपर्ने अवस्था हुन्थ्यो । शिलाको अध्ययन र उत्खननले प्राचीन ग्रन्थहरूको व्याख्यालाई समेत बलियो आधार दिएको छ ।"

खाँनका अनुसार जन्मस्मारक शिलामुनिको माटो परीक्षण गर्दा त्यहाँ कुनै पनि मानवीय गतिविधिको अवशेष नभेटिएकाले त्यसले प्राचीन ग्रन्थ 'ललितविस्तर' मा उल्लेख भएझैं लुम्बिनी एक शान्त, स्वच्छ तथा रमणीय 'वाटिका' नै थियो भन्ने कुरालाई वैज्ञानिक रूपमा पुष्टि गरिदिएको छ ।

यसबारे लुम्बिनीको पुरातात्विक उत्खननमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएका वरिष्ठ पुरातत्वविद् कोषप्रसाद आचार्यले चर्चा गर्नुभएको छ । उहाँले आफ्नो लेख 'द मार्कर स्टोन: द एक्ज्याक्ट बर्थप्लेस अफ लर्ड बुद्ध' र 'सबैभन्दा पुरानो बौद्ध तीर्थस्थल: बुद्धको जन्मस्थल लुम्बिनीको उत्खनन (२०१३)' मा 'जन्मस्मारक शिला' सम्राट अशोक लुम्बिनीको तीर्थाटनमा हुनुभन्दा अघिदेखि नै सोही स्थानमा रहेको दाबी गर्नुभएको छ ।

यस्तै, दुर्हम विश्वविद्यालयका प्राध्यापक रोबिन कनिङ्घमले इसापूर्व छैटौं शताब्दीअघि नै त्यहाँ धार्मिक संरचना रहेको दाबी गर्दै यसलाई विश्वकै सबैभन्दा पुरानो बौद्ध स्मारकका रूपमा व्याख्या गर्नुभएको छ । उहाँले 'द आर्किओलोजी अफ साउथ एसिया: फ्रम द इन्डुस टू अशोका' लगायत शोधका क्रममा 'मार्कर स्टोन' मुनि भेटिएका काठ संरचनाका अवशेषहरू (पोस्ट-होल्स) अध्ययनका आधारमा त्यस्तो निष्कर्षमा पुगेको उल्लेख गर्नुभएको छ ।

प्राध्यापक कनिङ्घमका अनुसार उत्खननका क्रममा भेटिएका भग्नावशेषले सम्राट अशोक आउनुभन्दा धेरै पहिलेदेखि नै यो स्थान एउटा महत्वपूर्ण धार्मिक केन्द्र रहेको प्रमाणित गरेका छन् । चिनियाँ तीर्थयात्रीहरू फा-हियान (सन् ४०३) र ह्वेन साङ (सन् ६३६) ले पनि आफ्नो यात्रा संस्मरणमा बुद्ध जन्मस्थलको विशेष चिह्न 'जन्मस्मारक शिला' बारे उल्लेख गर्नुभएको छ ।

स्थानीय बासिन्दाका लागि यो शिला उहाँहरूको पुर्ख्यौली विश्वासको एउटा जीवन्त दस्तावेजका रूपमा रहेको छ । मायादेवी मन्दिरका पुस्तैनी पुजारी स्व गङ्गाप्रसाद पाण्डेका छोरा एवं बौद्ध भिक्षु विवेकानन्दले भन्नुभयो, "हाम्रा पुर्खाहरूले यहाँ केही पवित्र चीज छ भन्नुहुन्थ्यो, उत्खननपछि जब त्यो शिला देखियो, तब कति पुण्य भूमिमा रहेछौं भन्ने महसुस भयो । यो शिला केवल अनुसन्धानको विषय नभई विश्वभरका बौद्धमार्गीहरूको आस्थाको जीवित दस्तावेज हो ।"

हाल शिलालाई मायादेवी मन्दिरभित्र विशेष 'बुलेटप्रुफ' सिसाको बाकसमा सुरक्षित राखिएको छ । मन्दिरभित्रको आर्द्रता तथा हानिकारक ग्याससले शिलालाई क्षति नपुगोस् भनेर चौबिसै घण्टा प्राविधिकहरूबाट निगरानी गर्ने व्यवस्था मिलाइएको छ । पुरातत्व विभागले पनि यसको सुरक्षा नेपालको मात्र नभई सम्पूर्ण मानव सभ्यता र विश्वसम्पदाको संरक्षणका लागि एउटा ठूलो जिम्मेवारीका रूपमा अर्थ्याउने गरेको छ ।

लुम्बिनी सांस्कृतिक नगरपालिकाकी कार्यवाहक प्रमुख कल्पना हरिजनले जन्मस्मारकमा रहेको शिला स्थानीयका लागि गौरवको सम्पदा रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "ऐतिहासिक रूपमा तत्कालीन लुम्बिनीवासीले बुद्ध जन्मबिन्दुलाई सधैँका लागि पहिचान भइराखोस् भनेर नजिकैको तेलार नदीबाट बलौटे ढुङ्गा ल्याएर चिनोका रूपमा राखेको इतिहास छ । त्यसैलाई सम्राट अशोकले संरक्षण प्रदान गरेको भनिन्थ्यो, त्यो प्रमाणित भएको छ ।"

लुम्बिनी विकास कोषका उपाध्यक्ष एवं बौद्ध भिक्षु डा. ल्हारक्याल लामाले बुद्ध जन्मस्मारक शिला बौद्धमार्गीहरूको ऐतिहासिक आस्थाको भौतिक प्रमाण रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "यो मौन शिलाले विगत दुई हजार छ सय वर्षको इतिहासलाई बोल्ने मात्रै होइन, त्यसलाई सुरक्षित राखेर विश्वलाई शान्ति, सत्य र अहिंसाको मार्ग देखाइरहेको छ ।"

। सम्पादकीय ।

## तेल खानी कब्जा गर्न भेनेजुयलामाथि अमेरिकी आक्रमण

संयुक्त राज्य अमेरिकाले भेनेजुयलाको तेलखानी कब्जा गर्ने नियतले नै राति अचानक आक्रमण गरेको हो; राष्ट्रपति निकोलस मादुरो र उनकी पत्नी सिलिया फ्लोरेसलाई नियन्त्रणमा लिएको छ । अमेरिकी राष्ट्रपति ट्रम्पले सत्ता नछोडे या अरुलाई हस्तान्तरण नगरे अमेरिकाले नै भेनेजुयलाको प्रशासन सम्हाल्ने चेतावनी दिएका छन् । अमेरिकी आक्रमण, राष्ट्रपति नियन्त्रण र आफूले नै भेनेजुयलाको प्रशासन सम्हाल्ने ट्रम्पको धम्कीले अमेरिका आतङ्कवादी र ट्रम्प आतङ्ककारी भएको पुष्टि हुन्छ । लागूऔषध कारोबार अमेरिकी राष्ट्रपतिको निहुँमात्र हो ।

अमेरिकाले भेनेजुयलामा आक्रमण गरेपछि तेल कब्जा गरेर अमेरिकी कम्पनीहरूको हातमा दिने ट्रम्पको धम्कीले लागूऔषधको कुरा बहानामात्र भएको पुष्टि हुन्छ । लागूऔषध कारोबारको प्रसङ्ग उठाएर अमेरिकाले भेनेजुयलामा आक्रमण गर्नुपर्ने होइन, त्यहाँको राष्ट्रपतिलाई अमेरिकी सेनाको टोलीले नियन्त्रणमा लिनुपर्ने होइन । यसले अमेरिकी राष्ट्रपति ट्रम्प अन्तर्राष्ट्रिय अराजकतावादको बाटोमा लागेको प्रस्ट छ । उनले स्वाधीन र सार्वभौम देशमा आक्रमण गरेर असुरक्षित र आतङ्कित बनाउने कुत्सित प्रयास गरेको स्पष्ट छ ।

बलियो देशले निर्बलियो देशलाई जे पनि गर्न पाउने कस्तो अधिकार ? जे गरे पनि टुलुटुलु हेरेर बस्ने कस्तो संयुक्त राष्ट्र सङ्घ ! देश ध्वस्त पार्दै नरसंहार गर्दै हिंड्ने अमेरिकालाई संरा सङ्घले खबरदारी र विरोध गरेर पुग्दैन; संसारका स्वाधीन र देशभक्त देशहरू मिलेर आक्रमण गर्नुपर्छ, आतङ्ककारीको आरोप लगाएर अन्तर्राष्ट्रिय अदालतमा उभ्याउनुपर्छ र कडा कारबाही गर्नुपर्छ । अमेरिकाले धेरै देशमा आक्रमण गरिसकेको छ, देश ध्वस्त पारेर अर्थतन्त्र कमजोर बनाएको छ; राष्ट्र प्रमुखको हत्या गरिसकेको छ । तर, संरा अमेरिका र अमेरिकी राष्ट्रपतिप्रति संयुक्त राष्ट्र सङ्घ किन मौन ! आतङ्क मच्चाउने अमेरिकी राष्ट्रपतिको विरोध गर्नु भनेको त उनीहरूको निम्ति गैडालाई फूलले हान्नेसरि भएको छ । कुनै शक्तिशाली देशले आफ्नो सैन्य र राजनीति शक्ति प्रयोग गरेर अर्को स्वाधीन र सार्वभौम देशको निर्वाचित सरकारलाई अपदस्थ गर्नु निन्दनीय छ । अमेरिकी यो अभ्यासलाई  छुट दियो भने अमेरिकी राष्ट्रपतिले पछि विश्वका अरु सानो देशमा पनि शक्ति प्रयोग गरेर देशलाई ध्वस्त पार्ने र देशका प्रमुखहरूलाई सत्ताच्युत गराउने, बन्दी बनाउने र आफूले भनेको नमानेमा फासी दिन पछि पर्ने छैन ।

अमेरिकी साम्राज्यवादी संसारभरका न्यायप्रेमी देशहरूले विरोध गरिरहेका छन् । यस अर्थमा संसारमा आतङ्क मच्चाएर असुरक्षित बनाउने अमेरिका एक्लिँदै छ । संसारभर साम्राज्यवादी देश अमेरिकाको विरोधले अमेरिका एक्लिँदै गएको थाहा हुन्छ । अन्तर्राष्ट्रिय शान्ति पुरस्कार पाउन लालायित राष्ट्रपति ट्रम्पलाई अन्तर्राष्ट्रिय अपराधीको संज्ञा दिनुपर्छ । निर्वाचित सरकार प्रमुखलाई हटाएर अल्पमतका विपक्षी दलका नेतालाई राष्ट्रपति बनाउने गैरजिम्मेवारी अभिव्यक्ति दिने ट्रम्पको अहङ्कार र हस्तक्षेप कसरी स्वीकार्य हुन्छ ? अस्थिर मनका राष्ट्रपति ट्रम्पले क्यानाडालाई अमेरिकाको प्रान्त बनाउने अभिव्यक्ति दिए । अरु देशलाई प्रान्त बनाउने, अरु देशमा आक्रमण गरेर राष्ट्र प्रमुखलाई सत्ताच्युत गर्ने शासक कसरी प्रजातान्त्रिक हुन्छ, शान्तिप्रेमी र देशभक्त हुन्छ ? अमेरिकी राष्ट्रपति ट्रम्पको धम्की कुनै पनि स्वाभिमानी देश र सार्वभौम देशका राष्ट्र प्रमुख र जनतालाई पाच्य हुनेछैन । अरु देशमा आतङ्क मच्चाउँदै हिँड्ने राष्ट्रप्रमुख कसरी सह्य हुन्छ ?

भेनेजुयलामाथिको आक्रमण गलत हो भने राष्ट्रपति मादुरोलाई नियन्त्रणमा लिएर कतै लगेको हो भने त्यसको विरोध संसारका सबै सरकार र राजनीतिक दलले गर्नुपर्छ । संसारका सबै सञ्चारकर्मी र पत्रिकाले विरोध गर्नुपर्छ । आज भेनेजुयलामाथि भएको आक्रमण भोलि अर्को देशमा नहोला भन्न सकिन्न । अर्को देशका राष्ट्र प्रमुखलाई कब्जामा लिएर देशलाई ध्वस्त पार्न सकिन्छ । संसारभरका दल र जनताले विरोध गरेनन् भने अमेरिकी राष्ट्रपतिमा थप हौसला मिल्नेछ । आक्रामक नीति र आक्रमणलाई कसैले पनि हौसला दिनुहुँदैन; त्यसलाई हौसला होइन निरुत्साहित गर्नुपर्छ । निरुत्साहित गरेर संसारका जनतामाझ उदाङ्ग्याउनुपर्छ । उदाङ्ग्याएर उनको कर्तुत संसारलाई चिनाउनुपर्छ । ठूला या शक्तिशाली देशले त संसारका जनतालाई शान्तिको सन्देश छर्ने हो; विकासमा टेवा पुर्‍याउने हो; एक आपसमा सद्भाव फैलाएर मित्रता बढाउने हो । मित्रता बढाएर एक अर्कासित सम्बन्ध गहिरो बनाउने हो । यसतर्फ विशेषत: संयुक्त राष्ट्र सङ्घ गम्भीर हुनुपर्छ । संयुक्त राष्ट्र सङ्घले ट्रम्पमाथि कारबाही गर्ने प्रक्रिया अघि बढाउनुपर्छ ।

# सैन्य हमला, अन्तर्राष्ट्रिय कानुन र नेपालका दलहरू

✍ एस.डी.राजचल

यतिखेर विश्वको ध्यान केही दिन अगाडि संरा अमेरिकाले गरेको एउटा सैन्य हमलामा केन्द्रित भएको छ । संयुक्त राज्य अमेरिकाले स्वतन्त्र र सार्वभौम मुलुक भेनेजुयलामाथि गरेको सैन्य आक्रमणको चर्चाले नेपालको राजनीति मात्रै होइन विश्वको ध्यान तानेको छ । एउटा दक्षिण अमेरिकी मुलुक, जहाँको नेतृत्व वामपन्थी दलको हातमा छ, त्यस देशमाथि आज संसारकै महाशक्ति राष्ट्र भनिएको मुलुक संयुक्त राज्य अमेरिकाले सैन्य हमला गरेको छ । निकोलस मादुरोको नेतृत्वमा रहेको उक्त दक्षिण अमेरिकी मुलुक भेनेजुयलाले आज अमेरिकी गिद्धेदृष्टिका कारण सैन्य हमलाको सामना गर्नुपरेको छ । सन् २०१२ मा वामपन्थी नेता ह्युगो चाभेजकै पालामा उत्तराधिकारी घोषणा गरेका निर्वाचित राष्ट्रपति मादुरोले चाभेजको मृत्युपछि सत्ताको नेतृत्व गर्न पुगेका मादुरो त्यसपछि निरन्तर अमेरिकी साम्राज्यवादको निशानामा पर्‍यो । चाभेज अमेरिकी साम्राज्यवादविरोधी प्रखर नेताको रूपमा परिचित थिए । मादुरोले चाभेजकै बाटो पछ्याउँदै आएको स्पष्ट छ । आफ्नो चाभेजकै अनुयायीको छवि बनाएका राष्ट्रपति मादुरो शासित देशमा अमेरिकाले 'आतङ्ककारी शैली' मा सैन्य आक्रमण गरेको हो ।

विगतमा भेनेजुयलामा वामपन्थीहरूको नेतृत्वमा आएको सरकारले त्यहाँस्थित ठूला तेलखानी उद्योग कलकारखानाहरू राष्ट्रियकरण गरेको थियो । भेनेजुयला तेलको अपार भण्डार रहेको ठाउँ हो । सो देशमा तेल कुवाहरुमा अमेरिकी कम्पनीहरुको प्रभुत्व थियो । ती तेल कुवाहरु राष्ट्रियकरण गरेपछि अमेरिकी सत्तालाई त्यसले झस्काएको थियो । पुँजीवादी विश्वको नेताको रूपमा रहेको अमेरिकाको लागि वामपन्थी सरकारको उक्त कदम स्वीकार्य थिएन । त्यसपश्चात् अमेरिका भेनेजुयलाका सरकारलाई अपदस्थ गर्ने वा आफ्नो कठपुतली सरकार स्थापना गर्न प्रयासरत थियो ।

आज लामो समयदेखि अमेरिकाले एउटा बहाना पाएझैं भयो । उनले भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरोले लागूऔषधको तस्कर गरेको आधारहीन आरोप लगाए । भेनेजुयलासँग भएको तेलमा विभिन्न अन्य मुलुकहरूले ठूलो परिमाणमा तेल उपभोग गर्ने गरेको र त्यसले अमेरिकाको डलरको मूल्य घट्ने स्वयं अमेरिकी विश्लेषकहरूका दाबीका कारण उनीहरु त्रसित थिए । ठूलो परिमाणको तेललाई आफ्नो नियन्त्रणमा लिन उक्त कदम उठाएको पुष्टि हुन्छ । संसारकै पुँजीवादी र दक्षिणपन्थीहरूको नेतृत्व गरेको अमेरिकाले कुनै पनि मुलुकमा कम्युनिस्ट र वामपन्थीहरूको सरकारलाई 'तारो' बनाउँदै आएको छ । 'के निहुँ पाउँ कनिका बुकाउँ' भन्ने नेपाली उखानझैं भेनेजुयाली राष्ट्रपति मादुरोविरुद्ध लागूऔषधको निहुँमा राजधानी काराकासमा सैन्य हमला गर्नुका साथै राष्ट्रपति र उनकी पत्नीसमेतलाई पक्राउ गरी हतकडी लगाई अमेरिका पुर्‍याएको खबर सञ्चारमाध्यममा फैलिनुले अमेरिकी दादागिरी छताछुल्ल हुन पुगेको छ ।

यस आक्रमणमा परी केही घण्टामै दर्जनौं भेनेजुयाली नागरिकको मृत्यु भएको समाचार बाहिर आएको छ । राजनीतिक विश्लेषकहरूका अनुसार अमेरिकी सरकारले भेनेजुयाली जनताप्रति गरेको आक्रमण र बर्बरतापूर्ण गतिविधि अमानवीय छ, सार्वभौमसत्ता सम्पन्न मुलुकका जनतालाई अर्को देशका राष्ट्रप्रमुखको यस किसिमको गतिविधि निन्दनीय छ ।

अमेरिका आफू विश्वको एक मात्र ध्रुवीय मुलुक बन्ने अभियानअन्तर्गत यो घटना घट्न पुगेको विश्लेषकहरूको दाबी छ । आजको संसारमा तेलको महत्त्व दिनप्रतिदिन बढ्दै जानुले अमेरिकाको ध्यान खिचेको हो । आखिरमा भेनेजुयलाको तेलकै लागि अमेरिकाले उनीविरुद्ध आक्रामक गतिविधि गरेको हो । तेलको प्रशस्त भण्डार रहेको भेनेजुयलामा अब तेल कब्जा गर्ने उनको उद्देश्य अस्थायी रूपमा पूरा भएको छ । जबसम्म भेनेजुयलामा मादुरो सरकार रहन्छ, तबसम्म त्यहाँको तेलमाथि आफ्नो कब्जा जमाउन नसक्ने राम्ररी बुझेको अमेरिका र ट्रम्प सरकारले अन्तत: देश कब्जा गरी कठपुतली सरकार स्थापना गरी आफ्नो मातहतमा सरकार चलाउने प्रक्रिया आक्रमण गरेको केही घण्टाबाटै सुरु गरेको छ । अमेरिकाको यस किसिमको आक्रामक शैलीविरुद्ध भेनेजुयाली जनता जीवनमरणको सङ्घर्ष गर्दै छन् ।



एउटा स्वतन्त्र देशमाथि अर्को कुनै देशले कुनै पनि बहानामा आक्रमण वा हस्तक्षेप गर्न पाइँदैन । यो संयुक्त राष्ट्र सङ्घको बडापत्रविपरीत छ । यो आतङ्कवाद हो । यस किसिमको आतङ्कवादी गतिविधि सार्वभौम मुलुकको लागि स्वीकार्य रहने गर्दैन । कुनै पनि देशको सीमाभित्र गएर आक्रमण गर्नु अन्तर्राष्ट्रिय कानुनविपरीत छ । तर, संयुक्त राज्य अमेरिकाले त्यसको पालना गरेको देखिएन । आज शक्तिको आडमा अमेरिकाले अन्तर्राष्ट्रिय कानुन तोड्नुका साथै संयुक्त राष्ट्र सङ्घको बडापत्रविपरीत भएको अन्तर्राष्ट्रिय मामलाका जानकारहरू बताउँछन् ।

अमेरिकी आक्रमणको पक्ष र विपक्षमा यतिखेर संसारका देशहरू विभाजित भएका छन् । केही युरोपेली र अमेरिकी कठपुतली सरकार रहेका देशहरू आज अमेरिकाको यस कदमलाई सकारात्मक मानिरहेका छन् भने विश्वका अधिकांश देशहरूले अमेरिकी कदम गलत भएको टिप्पणी गरिरहेका छन् । खासगरी फ्रान्स, जर्मन, इजरायलजस्ता पश्चिमा मुलुकहरूले भेनेजुयलामाथि अमेरिकी आक्रमणको खुलेर प्रशंसा गरेको पाइएको छ । ती देशहरूले विगतमा पनि अमेरिकाले गर्ने हरेक प्रकारका अमानवीय र आतङ्ककारी गतिविधिलाई प्रशंसा गर्ने गरेका थिए । मानौं, ती पश्चिमा देशहरूको धर्म नै अमेरिकाको प्रशंसा गर्नु रहेको छ भने रुस, इरान, निकारागुवा, ब्राजिल, दक्षिण अफ्रिका, चीन, क्युवा, उत्तर कोरियालगायतका कम्युनिस्ट मुलुकहरूले भेनेजुयलाविरुद्धको आक्रमणको विरोधमा खुला रूपमा उत्रिएका छन् ।

यस सन्दर्भमा नेपाल सरकारको आजसम्म कुनै विज्ञप्ति आएको छैन । नेपालजस्ता साना र सार्वभौम मुलुकले भेनेजुयलाको पक्षमा आफ्नो आवाज उठाउनु आवश्यक भएको जनताबिच चर्चा छ ।

के नेपाल सरकारले यस विषयमा जनताको माग र चाहना समेटेर कुनै वक्तव्य बाहिर ल्याउला ? चासोको विषय छ । भदौमा भएको आन्दोलनपश्चात् जुन सरकार गठन भएको छ, सो सरकार स्वयं अमेरिकी योजनाबमोजिम भएकोमा शङ्का छैन । अन्तरिम सरकारले जनताको भावनाबमोजिम र एउटा सार्वभौमसत्ता सम्पन्न मुलुकको पक्षमा आफ्नो आवाज उठाउने नै छ ।

यस प्रकारको वक्तव्य सार्वजनिक गर्नेमा नेपालका ठूला भनिएका राजनीतिक दलहरू मौन देखिएका छन् । शक्तिको होइन विचारको पछाडि लाग्नुपर्ने नेताहरू यतिखेर अल्मलिनु ठीक होइन । देश हितविपरीतका एमसीसी परियोजनामा हस्ताक्षर गर्ने दलका नेताहरू नैतिक बन्धनमा बाँधिएको धारणा सार्वजनिक गर्छन् । नेपालका न्यायप्रेमी र स्वतन्त्रताप्रेमी भनिएका जनताले दलहरूलाई राम्ररी चिन्नु र बुझ्नु आवश्यक छ । नेपालमा बसेर विदेशीको लागि काम गर्ने दल र त्यसका नेताहरूले नेपाल र नेपालीको हितमा काम गर्ने छैनन् ।

# भेनेजुयलामा हमला गर्न सेना ओसार्दै संरा अमेरिका

क्युवा सरकारले मानवताको बहानामा वाशिङटनले भेनेजुयलामा सैनिक हमलाको तयारी गरिरहेको बताएको छ । हवाना सरकारले यस्तो अवस्था आउन नदिन अन्तर्राष्ट्रिय समुदायको क्रियाशीलताको लागि आग्रह गरेको छ ।

"संरा अमेरिकाले भेनेजुयलामाथि सैनिक हमला गर्न मानवीय सङ्कटको बहाना बनाइरहेको छ । सार्वभौम देशमाथि धम्की, दबाब, बल र कथित मानवीय सहायताको बहानामा वाशिङटनले हमलाको तयारी गरिरहेको छ ।", क्युवा सरकारले जारी गरेको वक्तव्यमा भनिएको छ ।

क्युवाले संरा अमेरिकाले भेनेजुयलामाथि हमला गर्ने मानवीय सहायताको बहाना खोजिरहेको, सर्वसाधारण भेनेजुयालीको जीवन रक्षा गर्ने नाममा भेनेजुयलामाथि हमला गर्ने बाटो खोजिरहेको बताएको छ ।

वक्तव्यमा संरा अमेरिकाले गएको फेब्रुअरी ६ र १० मा आफ्ना सैनिक विमानमार्फत सेना ओसारेको खुलासा गरेको छ । अमेरिकी सेनालाई प्युर्टो रिको, डोमिनिकन गणराज्य र अन्य क्यारिबियाली देशहरूमा रहेका अमेरिकी सैनिक आधारहरूमा ओसारिएको तर त्यसबारे सम्बन्धित देशलाई कुनै पनि जानकारी गराइएको थिएन । गोप्यरूपका कारबाही गर्ने विशेष सैनिक टोली र जलसैनिक टुकडी पनि विभिन्न देशमा तयारी अवस्थामा रहेको क्युवाको वक्तव्यमा भनिएको छ ।

भेनेजुयलामा आफूले मान्यता दिएको सरकारलाई मान्न वाशिङटनले विभिन्न देशमाथि निकृष्ट तरिकाले दबाब दिइरहेको हवानाले बतायो । संरा अमेरिकाले स्वघोषित राष्ट्रपति ह्वान ग्वाइडोलाई मान्यता दिन विभिन्न देशका सरकारलाई दबाब दिने गर्दै आएको छ ।

क्युवा सरकारले संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्मा दर्ता गरिएको संरा अमेरिकाले मस्यौदा गरेको प्रस्तावको विपक्षमा उभिने पनि घोषणा गरेको छ । भेनेजुयलामा प्रजातन्त्र पुनर्स्थापनाको लागि भन्दै संरा अमेरिकाले ल्याएको सो प्रस्तावलाई क्युवाले सैनिक हमलाको बहानाबाजी भनेको छ ।

"यस्तै कारण देखाएर संरा अमेरिकाले युगोस्लाभिया, इराक, लिबियालगायत देशमाथि हमला गरेको कुरा भुल्नु हुन्न । ती देशहरूमा भएको हमलाका कारण धेरै मानिस मारिनुका साथै ठूलो क्षति भएको थियो ।", वक्तव्यमा भनिएको छ ।

भेनेजुयलाको वर्तमान राजनीतिक समस्या समाधानको लागि मादुरो सरकारले अघि सारेको वार्ताको प्रस्तावलाई क्युवाले समर्थन गरेको छ ।
भेनेजुयला: हिजो र आज, ०७६

# अमेरिका निर्माणको रक्तरञ्जित विगत

✍ योगेन्द्र

*(डिसेम्बर ३ को दिन बिहान २ बजे आफ्नो विशेष सैनिक दस्ता डेल्टाफोर्सले भेनेजुयलाको राजधानी काराकसमा भीषण आक्रमण गरी त्यहाँका निर्वाचित राष्ट्रपति निकोलस मादुरो र उनका पत्नीलाई अपहरण गरी ल्याएको खुलासा अमेरिकी राष्ट्रपति ट्रम्पले गरेपछि विश्व समुदायलाई स्तब्ध तुल्यायो । यसको अमेरिका भित्र र बाह्य संसारले भर्त्सना गरे । किन युरोपी देशहरू र संयुक्त राज्य अमेरिका आफूभन्दा सानो र निर्बल देशलाई थिचोमिचो र लुट्छन् भन्ने ऐतिहासिक पृष्ठभूमिलाई यस आलेखमा चर्चा गर्न खोजिएको छ । - **सम्पादक**)*

युरोप र पूर्वी एसियाका देशहरूको वस्तु विनिमय तथा अन्य व्यापारको माध्यम चीनको प्राचीन रेशम मार्ग थियो । यो रेशम मार्ग ईसापूर्व १३० वर्षदेखि सन् १४५३ सम्म निर्वाधरूपमा युरोप, टर्की, मध्य एसिया हुँदै चीनसम्म पुग्ने बाटोको रूपमा सञ्चालनमा थियो । तर, सन् १४५३ पछि पूर्वी रोम भनेर चिनिने टर्कीको कन्सटानतिलोपल सहरलाई मुसलमान अटोमन साम्राज्यले आफ्नो अधीनमा राखेपश्चात् प्राचीन रेशम मार्गमा अवरोध हुनपुग्यो । यही कारणले युरोपेलीहरूलाई पूर्वी एसिया पुग्न अर्को मार्गको आवश्यकता पऱ्यो । यस आवश्यकताले युरोपमा पन्ध्रौँ शताब्दीको आधाआधीको समयदेखि विभिन्न जहाजी यात्रा सुरु भयो । त्यहीँ जहाजी यात्रा बिस्तारै अन्वेषणको युगमा (Age of Exploration) परिणत भयो । यही क्रममा एसियाको हिन्दुस्तानमा पुग्ने लक्ष्य लिएर आफ्नो यात्रामा लागेका कोलम्बस सन् १४९२ मा अमेरिकी महादेशको पूर्वमा रहेका बहामा तथा हाइटी टापुहरूमा आइपुगे । कोलम्बसले आफू भारतकै भूमिमा पुगेको ठानी त्यहाँका ताम्र वर्णका आदिवासी मानिसहरूलाई 'रेड इन्डिएन' अथवा राता भारतीय भनी नाम दिएका थिए ।

**अमेरिकी भूमिमा युरोपेलीहरूको रजाइँ**

सन् १४९२ भन्दा पहिला युरोपलाई जानकारी नभएको अमेरिकालाई त्यसपश्चात् उनीहरूले नयाँ विश्व (The New World) को संज्ञा दिन थाले । हुन त युरोपेलीहरू अमेरिकी भूमिमा पुग्नुभन्दा पहिले त्यहीकै रैथाने आदिवासीहरूको बस्ती र सभ्यता थियो । मध्य एसियाबाटै बसाइँ सर्दै करिब २०,००० देखि १४,००० वर्ष पहिले हालको रुसको सुदूरपूर्वी भाग बेरिङ्ग जलडमरु र अलास्का हुँदै अमेरिकी महादेशमा मानिसहरू बसोबास गरेको तथ्य हाल सालैको ओरेगन विश्वविद्यालयको जलवायु परिवर्तनसम्बन्धीको अन्तरविधागत अनुसन्धान टोलीको अध्ययनले देखाएको छ । युरोपको कम र सीमित जमिन र नयाँ विश्वमा विशाल जमिनको उपलब्धताले गर्दा सोर्‍हौं शताब्दीमा युरोपबाट 'नयाँ विश्व' अमेरिकामा जाने युरोपेलीहरूको सङ्ख्या अप्रत्यासित रूपमा बढ्दै गयो ।

कोलम्बस बहामा टापुमा पुगेको २ वर्षपछि अथवा सन् १४९४ देखि नै अमेरिकी भूमिमा आधिपत्य जमाउने युरोपेलीहरूमा स्पेन पहिलो देश बन्यो । हुन त स्पेन सँगसँगै पोर्चुगलले पनि नयाँ संसारमा आधिपत्य जमाउन नखोजेको होइन । नयाँ भूमिमा आधिपत्य जमाउने होडमा स्पेन र पोर्चुगल द्वन्द्वको अवस्थामा पुग्यो । यस द्वन्द्वलाई रोक्न दुई देशबिच सहमति भयो । 'ट्रोडेलासको सन्धि' नामले चिनिने यस सन्धिअनुसार उत्तरी आन्ध्र महासागरको बिचबाट एउटा काल्पनिक रेखा कोर्दै त्यसबाट पश्चिमको भूभाग स्पेनले अधीनस्थ गर्न पाउने र त्यसको पूर्वी भागमात्र पोर्चुगलले कब्जा गर्न पाउने थियो । तर, युरोपेली देशहरूका बिचमा नयाँ विश्वमा पुग्ने र त्यहाँको विपुल प्राकृतिक स्रोत कब्जा गर्ने अघोषित होड नै चल्यो । यही सिलसिलामा सन् १५३५ सम्ममा फ्रान्स हालको क्यानडाको न्युफाउन्ड लैन्ड र सेन्ट लरेन्स नदीको मुखसम्म पुग्न सफल भयो । सत्रौं शताब्दी (सन् १६०० देखि १६९९ सम्म) को पहिलो दशकसम्ममा बेलायत अमेरिकाको पूर्वी किनारमा पुग्यो, जहाँ हालको भर्जिनिया राज्यको एक स्थानमा जेम्सटाउन नामक सहर नै नामकरण गरेर बस्ती बसाल्न सुरु गरे । बेलायती राजा जेम्स प्रथमको पालामा अमेरिकालाई उपनिवेश बनाउने अनुमतिअनुसार सो सहरको नामकरण गरिएको थियो । सो सहर स्थापना गरेको सय वर्षको अवधिभित्र अथवा अठारौँ शताब्दीको (सन् १७०० देखि १७९९ सम्म) सुरुवातसम्ममा बेलायतले १३ वटा राज्यहरू अमेरिकाको पूर्वी किनारमा स्थापना गर्‍यो ।

*सन् १७७६ मा अमेरिकी प्रतिनिधिहरू मिलेर 'स्वतन्त्रताको घोषणा' पारित गर्‍यो । बेलायतको अधीनमा रहेका उपनिवेशहरूमध्ये स्वतन्त्र हुने अमेरिका नै पहिलो देश बन्यो । बेलायतको अधीनका देशहरू पनि ऊबाट स्वतन्त्र हुनसक्छन् भन्ने नयाँ सन्देश विश्वलाई यस अमेरिकी स्वतन्त्रताको घोषणाले प्रवाह गर्‍यो ।*

उत्तरतर्फ सन् १६७० सम्ममा 'हडसनको खाडी' वरिपरिको विशाल भूभाग जसलाई 'रूपर्अट लैन्ड' पनि भनिन्छ (हाल क्यानडाको मनिटोबा, सासास्केच्युवान, अबर्लटा, अन्टारिओ, क्युवेक र उत्तरपश्चिम भूभाग राज्य) समेतलाई बेलायतले अधीनष्ठ बनाइसकेको थियो । यही बेलासम्म बेलायतले अधीनष्ठ गरेको रूपर्अट लैन्ड र पूर्वी किनारका १३ राज्यहरूबिचको भूभाग जुन न्यूफाउन्डलैन्डदेखि ग्रेटलेक वरिपरिको भूभाग तथा मध्य-अमेरिकासम्मलाई फ्रान्सले अधीनष्ठ बनाई यस स्थानको नाम नयाँ फ्रान्स भनी नामकरण गरिसकेको थियो । बेलायत र फ्रान्सबिच युरोपबाहिर रहेका भूभाग र अन्य देशहरूलाई अधीनष्ठ गर्ने यो होडबाजी संसारभर नै चल्यो र यही प्रतिस्पर्धाले दुई देशबिच युद्धसमेत भयो । सन् १७५६ देखि १७६३ सम्म बेलायत र फ्रान्सबिच संसारभर युद्ध भइरह्यो । उत्तर अमेरिका, युरोप, भारत तथा समुद्रमा समेत लामो युद्ध भयो जसलाई इतिहासमा 'सात वर्षको युद्ध' (Seven Years War) पनि भनिन्छ ।

**अमेरिका स्वतन्त्रत घोषणा र यसको विस्तार**

उपनिवेश बनाउने होडले निम्त्याएका युद्धहरूबाट बेलायतको अर्थतन्त्र भित्रभित्रै कमजोर हुँदै थियो । यसले गर्दा आफ्ना उपनिवेशहरूबाट बढीभन्दा बढी कर उठाउन बाध्य भयो । यही कर नीतिले अमेरिकी राज्यहरूमा बेलायतप्रति असन्तुष्ट बढ्दै गयो । अमेरिकी राज्यहरूले बेलायतको संसद्मा अमेरिकी प्रतिनिधित्व बिनाकर नतिर्ने (No taxation without representation) भनियो । अमेरिकी राज्यहरूले करविरुद्धको अभियानलाई तीव्र बनाउँदै लगे । आखिरमा बेलायतप्रतिको अमेरिकी राज्यहरूको यही असन्तोषले उनीहरूमा बेलायतबाट स्वतन्त्र हुने विचारको उद्भव भयो । अमेरिकीहरूको बेलायतविरोधी यस भावनालाई भित्रभित्रबाट बेलायतको विश्व प्रतिद्वन्द्वी फ्रान्सले नैतिक र भौतिक हर तरहले सघाउँदै थियो । अमेरिकी राज्यहरूसँग बेलायतको विभिन्न स्थानहरूमा झडपहरू भयो । सन् १७७३ मा चर्को विरोध स्वरूप बोस्टन टी पार्टीको नामले चिनिने ठुलो प्रतिकार भयो । बेलायतको कर लागेको चिया अमेरिकी राज्यहरूमा बेच्न नदिने प्रतीकको रूपमा यो प्रतिकार थियो । जसमा अमेरिकी जनताले बेलायतबाट अमेरिका ल्याइएको चियाका बासकहरू भटाभट जहाजबाटै समुद्रमा फ्याके । बेलायतले हरहालतमा स्वतन्त्रता नदिन विभिन्न उपाय अपनाउदै गयो । तर, स्वतन्त्र हुने विचार र भावनाले आखिरमा मूर्तरूप लियो । सन् १७७६ मा अमेरिकी प्रतिनिधिहरू मिलेर 'स्वतन्त्रताको घोषणा' पारित गर्‍यो । बेलायतको अधीनमा रहेका उपनिवेशहरूमध्ये स्वतन्त्र हुने अमेरिका नै पहिलो देश बन्यो । बेलायतको अधीनका देशहरू पनि ऊबाट स्वतन्त्र हुनसक्छन् भन्ने नयाँ सन्देश विश्वलाई यस अमेरिकी स्वतन्त्रताको घोषणाले प्रवाह गर्‍यो ।

अमेरिकाको स्वतन्त्रताको घोषणापश्चात् १९ औं शताब्दीको सङ्घारमा पुगेका अमेरिकीहरूमा 'मेनिफेस्ट डेस्टीनीको' (Manifest Destiny) अवधारणाले जरा गाडेको थियो । यस अवधारणाअनुसार गोरो छालाका अमेरिकी जनतालाई देशको पश्चिमी भागमा आफ्नो बसोबास विस्तार गर्न दैवी शक्तिले नै निर्धक्क अनुमति दिएको प्रचार गऱ्यो । यही विश्वास र नीतिले अमेरिकी राज्यहरूले पश्चिम दिशालगायत चारैतिर आफ्नो भूभाग विस्तार गर्दै लानेक्रमलाई तीव्र बनायो । यही क्रममा अमेरिकाका तेस्रो राष्ट्रपति थोमस जेफरसनले सन् १८०३ मा फ्रान्सको अधीनमा रहेको विशाल लुजियान भूभागलाई मोलमोलाइ गरी नेपोलियनसँग एक करोड पचास लाख डलरमा खरिद गऱ्यो । सन् १८१९ सम्म अमेरिकाको दक्षिण पूर्वी भाग फ्लोरिडालगायतका भूभाग स्पेनको अधीनमा थियो । अमेरिका विस्तार गर्ने नीति र अभियानमा स्पेनसँग पनि किचलो गर्दै सन् १८२१ मा 'आडम्स् ओनिस सम्झौता' मुताबिक फ्लोरिडालाई पनि आफ्नोमा गाभ्यो । हालको मध्य अमेरिका, क्यालिफोर्नियादेखि उत्तर भागसम्मको विशाल भूमि पनि स्पेनको अधीनमा थियो । यो भू-भाग पनि सन् १८२१ मा स्पेनबाट स्वतन्त्र गरायो र नयाँ राष्ट्र मेक्सिकोको जन्म भयो । तर, सन् १८३६ सम्ममा मेक्सिकोको टेक्सस् क्षेत्रले मेक्सिकोबाट स्वतन्त्रता प्राप्त गरी पछि संयुक्त राज्य अमेरिकामा सामेल हुने निर्णय गर्‍यो । यसरी संयुक्त राज्य अमेरिका विस्तार हुने क्रम जारी नै रह्यो । मेक्सिकोको भूभागलाई विस्तारै कब्जा गर्ने र स्थानीयलाई उक्साउने क्रममा आखिर मेक्सिको र अमेरिकाबिचमा सन् १८४६ देखि ४८ सम्म युद्ध नै भयो । सन् १८४८ सम्ममा अमेरिकाले बेलायतसँग ४९ उत्तर अक्षांससम्म आफ्नो सिमाना हुने समझदारी गऱ्यो । आफ्नो भूमि विस्तार गर्ने क्रममा अमेरिकाले सन् १८६७ मा रुसी जारबाट करिब ७० लाख डलरमा अलस्काराज्य खरिद गर्‍यो । यसरी पूरै १९ औं शताब्दीको उत्तरार्धसम्म नै अमेरिकाको विस्तार जारी रह्यो ।

*सारा अमेरिकी भूमि (सिङ्गो उत्तर र दक्षिण अमेरिकी महादेश) लाई 'मुनरो नीति' अन्तर्गत आफ्नै तखतमा राख्न खोजे, दुर्भाग्य आज पनि अमेरिकी शासकहरूले 'अमेरिकालाई फेरि महान् बनाउने नीतिको' नाउँमा त्यही उपाय अवलम्बन गर्दै छन् ।*

**राज्य निर्माणको महँगो मूल्य**

संयुक्त राज्य अमेरिका निर्माणको करिब डेढ सय वर्षको यस अवधिलाई अमेरिकीहरूले गौरवमय इतिहासको रूपमा मान्छन् । तर, राज्य निर्माणको अवधिमा भएका लडाइँ, मारकाटलाई सामान्य रूपमा लिए पनि युरोपेलीहरूको आगमन पूर्व त्यहाँ बसोबास गर्दै आएका आदिवासीहरूमाथि जुन अत्याचार गरियो त्यसलाई मानव इतिहासको सबभन्दा क्रूर, नृशंस र अमानवीय भएको मानिन्छ । त्यसरी नै संयुक्त राज्य अमेरिकाको दक्षिण राज्यहरूमा व्यवसायिक सुर्ती खेतीपातिको लागि प्रयोग गरिएका अफ्रिकी दासहरूमाथि गरिएका अत्याचारलाई इतिहासले त्यस्तै मूल्याङ्कन गरेको छ । आजका दिनसम्म पनि त्यहाँ रहेका रेड इन्डियन, दक्षिण अमेरिकी मूलका हिस्पानियाली जनता, अफ्रिकाबाट ल्याइएका काला जाति र अन्य गैरयुरोपेली मूलका मानिसहरूले अमेरिकी गोरा जातिको अत्याचारलाई सहँदै आएका छन् ।

हिजो जसरी राज्य विस्तारको क्रममा स्थानीय आदिवासीमाथि क्रूर दमन गरियो, अमानवीय लडाइँहरू लडे, उपनिवेशवादी शासकहरूसँग विशाल भूमि नै खरिद गरे, कमजोर छिमेकलाई थिचोमिचो गरी त्यहाँको भूमिलाई हडपे, सारा अमेरिकी भूमि (सिङ्गो उत्तर र दक्षिण अमेरिकी महादेश) लाई 'मुनरो नीति' अन्तर्गत आफ्नै तखतमा राख्न खोजे, दुर्भाग्य आज पनि अमेरिकी शासकहरूले 'अमेरिकालाई फेरि महान् बनाउने नीतिको' नाउँमा त्यही उपाय अवलम्बन गर्दै छन् । ग्रिनल्यान्ड खरिद गर्ने, क्यानाडालाई आफ्नो ५१ औं राज्य बनाउने, पनामा नहर र देशलाई फेरि आफ्नै कब्जामा राख्ने, प्यालेस्टिनी भूमिलाई आफ्नो कब्जामा राखी भूमध्य सागरको अर्को रमणीय किनारी पार्क (रिभेरिया) बनाउने योजनाहरू भनेका ती नै अमेरिका निर्माणको क्रममा गरेका हर्कतहरू हुन् । संयुक्त राज्य अमेरिका निर्माणको यस रक्ताम्मे इतिहासलाई हामीले बेवास्ता गर्यौं र मनन गरेनौं भने आजको घटना, परिघटना र अमेरिकी नीतिलाई हामीले बुझ्ने छैनौं ।

***साभार : 'सन्देश' बुलेटिन, वर्ष ५, अङ्क ५, २०८१, नेपाल कर्मचारी समाज***






'म्यानिफेस्ट डेस्टीनी' को अर्थ बुझाउने जोन ओ सुलिभान नामक पत्रकारको परिकल्पना

# भेनेजुयलामा अमेरिकी आक्रमण र राष्ट्रपति मादुरोको अपहरणविरुद्धका विरोध प्रदर्शन



लसएन्जलस, संरा अमेरिका



वासिङ्टन, संरा अमेरिका


हवाना, क्युवा



कराची, पाकिस्तान



ओस्लो, नर्वे



ऐथेन्स, ग्रीस

## म्यानमा सेनाद्धारा ६ हजारभन्दा बढी कैदी रिहा गर्ने घोषणा

याङ्गुन, ४ जनवरी (एएफपी)। म्यानमाको सैन्य सरकारले देशको स्वतन्त्रता दिवसको अवसरमा वार्षिक 'क्षमायोजन कार्यक्रम' अन्तर्गत ६ हजारभन्दा बढी कैदी रिहा गर्ने घोषणा गरेको छ। सैन्य शासनको राष्ट्रिय सुरक्षा परिषद्को विज्ञप्तिमा भनिएको छ, "सङ्घीय गणराज्य म्यानमारका कार्यवाहक राष्ट्रपतिले विभिन्न जेल, हिरासत केन्द्र र शिविरमा सजाय भोगिरहेका ६ हजार १३४ जना पुरुष र महिला कैदीलाई क्षमादान प्रदान गर्नुभएको छ।"

त्यसैगरी, ५२ जना विदेशी कैदी पनि रिहा गरी आफ्ना देशमा प्रत्यर्पण गरिने बताइएको छ। फेब्रुअरी सन् २०२१ मा भएको सैनिक विद्रोहपछि हजारौँ प्रदर्शनकारी र मानवअधिकारकर्मीलाई पक्राउ गरिएको थियो। यसले म्यानमाको छोटो लोकतान्त्रिक अनुभवलाई समाप्त पार्दै देशलाई गृहयुद्धतर्फ धकेल्यो।

राष्ट्रिय सुरक्षा परिषद्का अनुसार, वार्षिक कैदी रिहाइ कार्यक्रम 'मानवीय र दयालु कारण' का आधारमा आयोजना गरिएको हो।

## भेनेजुयलाको अवस्थाबारे सोमबार संयुक्त राष्ट्र सुरक्षा परिषद्को आपत्कालीन बैठक

संयुक्त राष्ट्र, ४ जनवरी (सिन्हवा)। संयुक्त राष्ट्र सुरक्षा परिषद्ले सोमबार भेनेजुयलासम्बन्धी विषयमा आपत्कालीन बैठक बसाल्ने भएको छ। सुरक्षा परिषद्को वर्तमान अध्यक्षताले शनिबार यसबारे जानकारी दिएको हो।

सोमाली स्थायी मिसनकी प्रवक्ता खादिजा अहमदका अनुसार, अध्यक्षताले सोमबार बिहान १० बजे आपत्कालीन बैठक आयोजना गर्ने तयारी गरेको छ। जनवरी महिनाका लागि सुरक्षा परिषद्को अध्यक्षता सोमालियाले सम्हालेको छ।

समाचारअनुसार, संयुक्त राज्य अमेरिकाले शनिबार भेनेजुयलाविरुद्ध सैन्य कारबाही सञ्चालन गर्दै राजधानी काराकासबाट भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरो र उहाँकी पत्नीलाई नियन्त्रणमा लिएको छ।

## टि-२० विश्वकप खेल भारत बाहिर सार्न बङ्गलादेशको आग्रह

ढाका, ४ जनवरी (एएफपी)। भारतले एक बङ्गलादेशी क्रिकेटरलाई इन्डियन प्रिमियर लिग (आईपीएल) छोड्न बाध्य पारेको घटनापछि बङ्गलादेशले आगामी महिना श्रीलङ्कामा सुरु हुने टि-२० विश्वकपमा आफ्ना खेलहरू भारत बाहिर आयोजना गर्न अनुरोध गर्ने भएको छ।

बङ्गलादेशका अन्तरिम सरकारका युवा तथा खेलकुद सल्लाहकार आसिफ नजरुलले आइतबार राज्यद्वारा सञ्चालित बीएसएस समाचार एजेन्सीमार्फत जारी विज्ञप्तिमा बङ्गलादेशी क्रिकेट, क्रिकेटर र राष्ट्रको गरिमामाथि कुनै पनि प्रकारको अपमान अस्वीकार्य हुने स्पष्ट गर्नुभएको छ।

उहाँले भन्नुभएको छ, "हामी कुनै पनि परिस्थितिमा बङ्गलादेशी क्रिकेट, क्रिकेटर र बङ्गलादेशको अपमान स्वीकार गर्दैनौँ। दासत्वका दिनहरू समाप्त भइसकेका छन्।" उहाँका अनुसार छिमेकी राष्ट्रहरूबिच बढेको तनावको पृष्ठभूमिमा भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) ले आईपीएल टोलीहरूलाई 'सल्लाह' दिएपछि बङ्गलादेशका फास्ट बलर मुस्ताफिजुर रहमानलाई कोलकाता नाइट राइडर्सले शनिबार रिलिज गरेको थियो।

नजरुलले बङ्गलादेश क्रिकेट बोर्ड (बीसीबी) लाई अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) लाई औपचारिक पत्र लेख्न निर्देशन दिइएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यदि कुनै बङ्गलादेशी क्रिकेटर अनुबन्धित भएर पनि भारतमा खेल्न नसक्ने अवस्था सिर्जना हुन्छ भने सम्पूर्ण बङ्गलादेशी क्रिकेट टोलीले विश्वकपमा खेल्न आफूलाई सुरक्षित महसुस गर्न सक्दैन।" यही कारण देखाउँदै उहाँले बङ्गलादेशका विश्वकप खेलहरू श्रीलङ्कामा आयोजना गर्न अनुरोध गर्न पनि बोर्डलाई निर्देशन दिनुभएको छ।

भारत र श्रीलङ्काले संयुक्तरूपमा आयोजना गर्ने टि-२० विश्वकप फेब्रुअरी ७ देखि सुरु हुने तय भएको छ। तालिकाअनुसार बङ्गलादेशले आफ्ना चारवटा समूह चरणका खेल भारतमा खेल्ने कार्यक्रम रहेको छ। यसैबिच, पाकिस्तानले आफ्ना सबै खेल श्रीलङ्कामै खेल्नेछ, जुन भारत र पाकिस्तान दुवैलाई बहुराष्ट्रिय प्रतियोगिताहरूमा तटस्थ स्थल प्रयोग गर्न दिने सम्झौताअन्तर्गत गरिएको व्यवस्था हो।

# सन् २०२५ मा एआई : प्रविधिमा अविरल विस्तार

नारायणप्रसाद घिमिरे

एक्काइसौं शताब्दीको पहिलो २५ वर्ष हामीबाट बिदा भइसकेको छ। विगत वर्षहरूमा झैं अन्तर्राष्ट्रिय राजनीति, द्वन्द्व र जलवायु परिवर्तनसँगै सन् २०२५ मा पनि सूचना प्रविधि चर्चाको शिखरमा रह्यो। विशेषगरी कृत्रिम बौद्धिकता (एआई) मा थपिएका नयाँ आयाम, यसको असर र यसबारे गरिएका भविष्यवाणी रोचक रहे।

एआईले मानव जीवनलाई अत्यधिक सहजतासँगै नयाँ चुनौती थपिदिएको कुरा छर्लङ्गै छ। सन् २०२५ को सुरुमै च्याटजिपिटिलाई टक्कर दिँदै डीपसीकले विश्वको ध्यान खिच्यो। यस क्षेत्रमा जारी अध्ययन, अनुसन्धान र लगानीले एजेन्टिक एआईको उदय भयो। यसको अर्थ एआईमा अब स्वतन्त्ररूपमा अर्थात् कमभन्दा कम मानव निगरानीमा काम गर्नसक्ने (निर्णय लिने) क्षमता विकास भयो।

एआईको विकास र शिक्षा, स्वास्थ्य, अर्थतन्त्र, लगानी, राजनीति, पत्रकारिता, जलवायुलगायत विभिन्न विषयमा यसले सिर्जना गर्ने अवसर र असरबारे दर्जनौं क्षेत्रीय तथा सयौं अन्तर्राष्ट्रिय कार्यक्रमहरू आयोजना भए। सन् २०२५ मा भएका यस्ता कतिपय कार्यक्रममा नेपाल सरकार तथा गैरसरकारी निकायको समेत सहभागिता रह्यो।

**विश्वसनीयतामाथि प्रश्न**

कन्टेन्ट जेनेरेसन (समाचार, प्रतिवेदन, फोटो, भिडियोको उत्पादन) का लागि एआईको प्रयोग तीव्र बढ्दै जाँदा यसले तयार गर्ने विषयवस्तुको निष्पक्षता, समावेशीता र विश्वसनीयतामा भने प्रश्न उठिरहेका छन्। एआई क्षेत्रका लगानीकर्ता र व्यवस्थापकहरूले इन्जिनियर र वैज्ञानिकले मात्रै एआईलाई निष्पक्ष र विश्वसनीय बनाउन नसक्ने तर्क गर्छन्। नीति, व्यवस्था र सामाजिक न्यायका प्रावधानहरूको जानकार भएपछि मात्रै एआईले सर्वपक्षीय आकाङ्क्षालाई सही सम्बोधन गर्नसक्नेमा उनीहरूको जोड छ।

एआईमा हुने जातीय पक्षपातविरुद्ध काम गर्ने एक अन्तर्राष्ट्रिय संस्था 'एआई फर द पिपुल' की प्रमुख कार्यकारी अधिकृत मुटाली कोन्डेका भनाइमा एआई उत्पादित विषयवस्तु प्राविधिक चुनौती जत्तिकै सामाजिक चुनौती पनि हो। 'एआई फर गुड' नामक विश्व सम्मेलनमा बोल्दै उहाँले भन्नुभयो, "डिजिटल प्लेटफर्मलाई मात्रै पूर्णरूपमा उत्तरदायी बनाउनुहुँदैन। टिकटकजस्ता कम्पनीबाट 'समाजको नियन्त्रण/मूल्याङ्कन गर्ने' अपेक्षा गर्नु अव्यावहारिक हुन्छ। त्यसैले सरकार र ठूला निकायले यस्ता कम्पनीलाई कम्तीमा पनि उत्तरदायित्वको आधारभूत खाका प्रदान गर्नुपर्छ।"

स्पष्ट छ, अघिल्ला प्रविधिहरूको विकास र विस्तार जस्तै एआईमा पनि औद्योगिक र विकसित राष्ट्रहरूकै बोलवाला छ। विश्वभरका वैज्ञानिकहरू जम्मा गरी तीक्ष्ण दिमागको सदुपयोग गर्न सक्ने क्षमता भएका राष्ट्र नै यसको भाष्य र भविष्य निर्धारण गरिरहेका छन्। एआईसम्बन्धी अनेक छरिएर प्रयास जारी भए पनि यसको खरो प्रतिस्पर्धामा भने अमेरिका र चीन नै अग्रपङ्क्तिमा छन्।

एआईको पूर्ण प्राविधिक पक्षमा केही व्यक्ति तथा संस्थाको संलग्नता र चासो भए पनि यसको विकास र प्रभावबारे चासो राख्ने जनसङ्ख्या ह्वात्तै बढेको छ। तर, सही सूचनाको खोजी र ज्ञान निर्माण भने आवश्यक छ। इन्टरनेटमा त सहजै फेला पर्ने न्यून गुणस्तरका सामग्रीदेखि विश्वस्तरीय अनुसन्धान निकाय, विश्वविद्यालय र राष्ट्रसङ्घले तयार गरेका अध्ययन प्रतिवेदन पनि उपलब्ध हुन्छन्, तर विश्वसनीयता र आफ्नो रुचिअनुरूपको विषय वस्तुको खोजी र पहिचानका लागि पनि न्यूनतम सचेतना आवश्यक पर्छ।

**प्रक्षेपण र प्रतिस्पर्धा**

एक प्रक्षेपणमा भनिएको छ, सन् २०३८ सम्ममा उत्तरदायी र मानवकेन्द्रीत एआईको उपभोक्ता बजार १२ खर्ब (१.२ ट्रिलियन) अमेरिकी डलर हुनेछ। त्यसैगरी, विश्व आर्थिक मञ्चले सन् २०२५ को पहिलो महिनामै सार्वजनिक गरेको 'विश्व जोखिम प्रतिवेदन'मा एआईले भ्रामक विषयवस्तुको अत्यधिक सिर्जना र विस्तार भई समाज नै ध्रुवीकृत हुने प्रक्षेपण गरिएको थियो।

एआईमा पनि हरेक हप्ता वा महिनाजस्तो विविध आयाम थपिरहेका छन्। विश्वका शक्तिशाली र विकासशील राष्ट्रहरूले प्रविधिलाई प्राथमिकतामा राखी राष्ट्रिय शक्ति निर्माण र विश्व सामर्थ्य प्रदर्शनमा एआईलाई जोडी विभिन्न कार्यक्रमहरूमा लगानी वृद्धि गरिरहेका छन्। यसले प्रतिस्पर्धात्मक वातावरण निर्माण गरेको छ।

सन् २०२५ को सुरुमै चिनियाँ कम्पनी डीपसीकले निर्माण गरी बजारमा ल्याएको एआईले विश्वभर तहल्का पिट्यो। गुगल र ओपनएआईले निर्माण गरेको एआईभन्दा सस्तो र सहज प्राविधिक उत्पादनले विश्वकै ध्यानाकर्षण गर्‍यो। स्मरणीय छ, डीपसीक-आर१ को निर्माण अमेरिकी प्रविधि कम्पनीले भन्दा कम समय, कम प्रविधि र थोरै कम्प्युटर चिप्समै सम्भव भएको थियो। यसको निर्माण समूहले ६० लाख अमेरिकी डलरभन्दा कममा यो मोडल तयार गरेको थियो जबकि च्याटजीपीटी तयार गर्न निकै बढी समय र खर्च लागेको थियो।

**एआई र रोजगार**

प्रविधिको विकास तथा विस्तारले नयाँ कामको सिर्जना त हुन्छ नै। यससँगै कतिपय पुराना काम र सीपको विस्थापन पनि। एआईले विश्व श्रमबजारमा ल्याउने हलचल पेचिलो विषय हो। विभिन्न अध्ययन प्रतिवेदन तथा अनुसन्धाताहरूले मानिसका अनेक श्रम र सीपलाई एआई र अटोमेसनले खोस्ने प्रक्षेपण गरिरहेका छन्। एआई प्रयोग गरी ठूला कम्पनीहरूमा तीव्र प्राविधिक रूपान्तरण भएका छन्। फलस्वरूप हजारौं मानिसले रोजगारी गुमाए। सीएनबीसीले तयार पारेको समाचारअनुसार, एआईका कारण सन् २०२५ मा अमेरिकामा मात्रै विभिन्न प्राविधिक कम्पनीहरूले ५५ हजारभन्दा बढी कामदारलाई जागिरबाट बिदा गरे।

सीएनबीसीमा डिसेम्बर २९, २०२५ मा सदा भैमियाले म्यासाच्युसेट इन्स्टिच्युट अफ टेक्नोलोजीले सार्वजनिक गरेको अध्ययन प्रतिवेदनलाई आधार मान्दै लेख्नुभएको छ, "एआईले अमेरिकी श्रमबजारको ११.७ प्रतिशत काम सहजै गर्नसक्छ, जसबाट फाइनान्स, स्वास्थ्यसेवा र अन्य व्यवसायिक कामवापत् तलबमा हुने १२ खर्ब डलर खर्च जोखिन्छ।"

प्रविधिको प्रकृति नै हो यो क्रमश: सस्तो र विश्वव्यापी हुँदै जान्छ। अहिले अमेरिकामा देखिएको मानवस्रोत कटौतीको प्रवृत्ति अन्य देशहरूमा फैलिने निश्चित छ।

**विशेष सम्मेलन**

सन् २०२५ को फेब्रुअरी महिनामा फ्रान्सको राजधानी पेरिसमा आयोजना भएको एआई सम्मेलनलाई प्रविधि क्षेत्रको एक महत्त्वपूर्ण कार्यक्रमका रूपमा लिइन्छ। उक्त पेरिस एआई शिखर सम्मेलनले एक घोषणापत्र/सम्झौता पनि जारी गर्‍यो। तर घोषणपत्रमा बेलायती र अमेरिकी सरकारले हस्ताक्षर गर्न अस्वीकार गरे। 'मानव र पृथ्वीका लागि समावेशी र दिगो कृत्रिम बौद्धिकता (एआई)' नाम दिइएको सो घोषणापत्रमा चीन, भारत, जापान, अस्ट्रेलिया, क्यानाडा र युरोपेली सङ्घ (ईयू) का सदस्यहरूसहित ६० देशले हस्ताक्षर गरे। यस किसिमको सम्मेलन अघिल्लो वर्ष दक्षिण कोरियामा र सन् २०२३ मा बेलायतमा भएको थियो।

बेलायत र अमेरिकाद्वारा भएको हस्ताक्षर अस्वीकारलाई अर्थपूर्णरूपमा विश्लेषण गरिए। प्रविधिको विकास, विस्तार र नियमनमा विश्वका धनी र औद्योगिक राष्ट्रहरू एकै मञ्चमा उपस्थित भई साझा धारणा बनाउने छन् भन्ने आशा धुमिल भयो। यो कुराबाट के पनि अनुमान गर्न सकिन्छ भने एआईसम्बन्धी विश्व सहकार्य र संयोजनभन्दा पनि शक्ति राष्ट्रहरूबिच सघन प्रतिस्पर्धा नै जारी रहनेछ।

शिखर सम्मेलनबारे गार्डियन पत्रिकामा ड्यान मिल्मो र एलेइनी कुरियाले गरेको रिपोर्टिङअनुसार बेलायती सरकारका प्रवक्ताले उक्त घोषणापत्र एआईको वैश्विक व्यवस्थापन र राष्ट्रिय सुरक्षामा प्रविधिको असरजस्ता चुनौती सम्बोधन गर्न अपूरो रहेको टिप्पणी गरेका थिए।

"अमेरिकाका उपराष्ट्रपति जेडी भान्सले एआईसम्बन्धी पेरिस सम्झौतामा हस्ताक्षर नगर्नुको कारण खुलाउनुभयो- उहाँलाई युरोपको प्रविधिमाथि 'अत्यधिक नियमन' मन परेन। साथै, उहाँले यस विषयमा युरोपलाई चीनसँगको सहकार्यविरुद्ध चेतावनी दिनुभयो," गार्डियनमा मिल्मो र कुरियाको रिपोर्टिङ छ।

यस विषयले पनि स्पष्ट पार्छ कि एआई र यसको व्यवस्थापनबारे विश्वमा फरक धारणा र विधि छन्। यद्यपि, सम्मेलनका थुप्रै सकारात्मक पक्ष थिए। यो सम्मेलनले अघिल्ला सम्मेलनमा देखिएका अस्पष्टता हटाएको र एआई सुरक्षा र उन्नयनमा जोड दिएको थियो। कतिपय विज्ञले यो सम्झौताले एआई सार्वभौमिकतामा जोड दिएकाले सकारात्मक भएको तर्क गरे।

यसैगरी सन् २०२५ को अर्को महत्त्वपूर्ण सम्मेलन हो अन्तर्राष्ट्रिय दूरसञ्चार संस्था (आईटीयू) ले आयोजना गरेको 'एआई फर गुड विश्व सम्मेलन'। जुलाई महिनामा भएको उक्त सम्मेलनमा १६९ देशका ११ हजारभन्दा बढी मानिस सहभागी भएका थिए।

**अध्ययन, अनुसन्धान**

एआईको जारी विकास, प्रयोग र यसले स्वास्थ्य, राजनीति, मिडिया, शिक्षा, अर्थतन्त्र, कूटनीति, समाज र संस्कृतिलगायत अनेकौं क्षेत्रमा पार्ने प्रभावलाई केन्द्रमा राखी विभिन्न अन्तर्राष्ट्रिय निकाय, अनुसन्धान केन्द्र र सरकारहरूले हजारौं प्रतिवेदन र दस्तावेज तयार गरे। यी अध्ययन र प्रक्षेपणले यस विषयमाथि गहन विचार निर्माणमा सहयोग पुग्छ।

यसै सन्दर्भमा संयुक्त राष्ट्रसङ्घीय निकाय अन्तर्राष्ट्रिय दूरसञ्चार संस्था (आईटीयू) ले एआई नियमन र व्यवस्थापनसम्बन्धी तयार गरेको प्रतिवेदनमा एआई गभर्नेन्सका १० संयन्त्रमा -

१) सिद्धान्त र अभ्यास,
२) बहुपक्षीय पहल,
३) विश्वसनीयताका लागि पारदर्शिता,
४) समावेशीताको सुनिश्चितता,
५) सीमित होइन सबैको क्षमता विकास,
६) वातावरणीय दिगोपन र एआई पूर्वाधार,
७) विषयगत जोड र बृहत् सहकार्य,
८) मापदण्ड र सुरक्षा विधि,
९) मूल्याङ्कन तथा तर्क क्षमताको नियमन र प्रारूप,
१०) नीतिगत अन्तरसञ्चालन र चुस्त नियमन उल्लेख गरेको छ।

एआईप्रति बढ्दो चासो, अध्ययन, लगानी र अवलम्बनलाई थप व्यवस्थित र सुसूचित बनाउने उद्देश्यले संयुक्त राष्ट्रसङ्घले डिसेम्बर १५ देखि एआई स्रोत केन्द्र सञ्चालनमा ल्याएको छ। डिजिटल रूपान्तरणसँगै ज्ञानमा आधारित एआईको विस्तारका लागि यस स्रोत केन्द्रका सामग्री उपलब्ध छन्। यहाँ राष्ट्रसङ्घीय निकायले जारी राखेका एआईसम्बन्धी ७०० भन्दा बढी कार्यक्रमहरूको एकत्रित जानकारी पाइन्छ। सन् २०२४ मा जारी भएको ग्लोबल डिजिटल कम्प्याक्टको कार्यान्वयनका लागि पनि यो स्रोत केन्द्र सहयोगी हुने विश्वास गरिएको छ।

# आजबाट साँखुमा नवदुर्गाको 'ङालाकेगु' जात्रा सुरु र भक्तपुर नगरमा पुस ३० गतेबाट



नारायणमान बनमाला

भक्तपुरको प्रसिद्ध नवदुर्गाको ङालाकेगु जात्रालाई नेपालको सबभन्दा लामो समय सञ्चालन हुने जात्राको रूपमा लिइन्छ। भक्तपुरको नवदुर्गा मन्दिर भक्तपुर नगरपालिका वडा नं. ९ गछेँ टोलमा अवस्थित छ। भक्तपुरको नवदुर्गाको ङालाकेगु जात्रा भक्तपुर जिल्लामा मात्र सीमित नभई काठमाडौं र काभ्रे जिल्लामा पनि निरन्तर सञ्चालनमा रहेको छ। उजाजु (बनमाला) नेवार समुदायले ङालाकेगु जात्रा निरन्तर सामूहिक भावना विकास गर्ने उद्देश्यका साथ सञ्चालन गर्दै आएको छ।

नवदुर्गाको ङालाकेगु जात्रा आज २१ गतेदेखि पुस २६ गतेसम्म साँखु र चाँगुनारायणमा हुनेछ भने पुस ३० गतेदेखि भक्तपुर नगरमा सुरु हुनेछ। मानव समाजमा आधारित यस जात्रामा मानिसहरूको चालचलन, रीतिरिवाज, परम्परा र व्यवहारलाई जात्रामार्फत देखाउन खोजिएको छ। ङालाकेगु जात्रा हुने स्थानमा टोल परिक्रमा सकेपछि राति ङालाकेगु स्थानमा सम्पूर्ण देवगणहरूको खःप्याखं प्रदर्शनी हुने, मुःबाहाँ जात्रा र चाःप्याखं (रात्रि नाच) हुनेछ। त्यसको भोलिपल्ट बिहान बाराही प्याखं; सिम्ह दुम्हको प्याखं तथा ङालाकेगु जात्रा हुन्छ। दिउँसो महाकाली प्याखं; साँझपख महाकाली र श्वेत भैरवको गा तोकेगु प्याखं (खास्तो फुकाल्ने नाच) हुन्छ। त्यसपछि सिम्ह दुम्ह र श्वेत भैरवको ना होलेगु प्याखं (पानी निकाल्ने नाच) सँगै श्वेत भैरवको जात्रा हुन्छ। ङालाकेगु जात्रा सकेपछि सिम्ह दुम्ह र श्वेत भैरवको प्वा स्याकेगु प्याखं (पेट दुखाउने नाच); बालकुमारी (इन्द्रायणी) र श्वेत भैरवको मतिना प्याखं (मायाको नाच); सिम्ह दुम्ह र श्वेत भैरवको वस हियेगु प्याखं (लुगा धुने नाच); श्वेत भैरवको वस हियेगु प्याखं र अन्तमा श्वेत भैरवको प्याखं हुन्छ।

यस वर्ष साँखु र चाँगुनारायणमा ङालाकेगु जात्रा सम्पन्न भएपछि भक्तपुर नगरमा जात्रा सुरु हुनेछ। पुस २१ गते बिहान काठमाडौंको साँखुमा नवदुर्गा प्रस्थान हुने र साँझ त्यहाँका टोलहरूको परिक्रमा हुनेछ। पुस २२ गते बिहान साँखु नगरको पश्चिमतर्फ रहेको चुगाउँ (सानो गाउँ) मा पेमा द्यो घुमाउने र साँझतिर साँखु नगरका टोलहरू परिक्रमा गरी शाखा टोलमा खः प्याखं हुने र मुःबाहाँ जात्रा हुनेछ। पुस २३ गते सोही टोलमा ङालाकेगु जात्रा सम्पन्न गरी सोही राति साँखुकै क्वाख टोल परिक्रमा गरी खःप्याखं प्रदर्शन हुनेछ। पुस २४ गते क्वाख टोलमा ङालाकेगु जात्रा सम्पन्न गरी पुस २५ गते बिहान साँखुबाट चाँगुनारायण मन्दिरतर्फ प्रस्थान हुनेछ। चाँगुनारायण नगरपालिका बिहान टोल परिक्रमा गरी चाँगुनारायण मन्दिर परिसरमा खःप्याखं प्रदर्शनी तथा मुःबाहाँ जात्रा हुनेछ। पुस २६ गते ङालाकेगु जात्रा सम्पन्न गरी राति भक्तपुर फर्किने छ।

भक्तपुर नगरपालिकाको २१ स्थानमा नवदुर्गाको ङालाकेगु जात्रा हुन्छ। भक्तपुर नगरपालिका वडा नं ९ सूर्यमढी (त्वचा) मा पुस ३० गते वापी पाछाकिगु जात्राबाट भक्तपुर नगरमा ङालाकेगु शुभारम्भ हुनेछ। माघ १ गते साँझ भक्तपुरको सूर्यमढी टोल परिक्रमा गरी राति सूर्यमढी डबली अगाडि खःप्याखं (नाच) प्रदर्शन हुने र च्यामहसिंह क्षेत्रमा मुःबाहाँ जात्रा हुनेछ। माघ २ गते सूर्यमढीमै ङालाकेगु जात्रा हुनेछ। माघ २ गते मध्यराति नै तचपाल टोल परिक्रमा गरी दत्तात्रय मन्दिर अगाडि खः प्याखं प्रदर्शन हुने र महेश्वरी पीठ पूर्व क्षेत्रमा मुःबाहाँ जात्रा हुनेछ। माघ ३ गते तचपालमा ङालाकेगु जात्रा हुनेछ। सोही राति क्वाठण्डौ टोल परिक्रमा गरी खः प्याखं प्रदर्शनी र कमलविनायक पोखरी परिसरमा मुःबाहाँ जात्रा हुनेछ। माघ ४ गते क्वाठण्डौ टोलमा ङालाकेगु जात्रा हुनेछ। त्यस्तै, माघ ४ गते राति नै गछेँ टोल परिक्रमा गरी गछेँ नारायण मन्दिर अगाडि खःप्याखं (नाच) प्रदर्शनी हुने र माघ ५ गते ङालाकेगु जात्रा हुनेछ।



माघ १५ गते बिहीबार दथु टोल परिक्रमा गरी दथु टोल चोकमा खःप्याखं प्रदर्शनी हुने र माघ १६ गते ङालाकेगु जात्रा हुनेछ। माघ १७ गते शनिबार इनाचो टोल परिक्रमा गरी इनाचो स्वँगल्वहेँ खःप्याखं प्रदर्शन हुने र महेश्वरी खेल मैदानमा मुःबाहा जात्रा हुनेछ। माघ १८ गते ङालाकेगु जात्रा सम्पन्न भएपश्चात् सोही राति गोल्मढी टोल परिक्रमा गरी गोल्मढीमा खःप्याखं प्रदर्शनी तथा भेलुखेलमा मुःबाहाँ जात्रा हुनेछ। माघ १९ गते गोल्मढीमा ङालाकेगु जात्रा हुनेछ। माघ २० गते मङ्गलबार याछेँ टोल परिक्रमा गरी याछेँ गणेश मन्दिर अगाडि खःप्याखं हुने र महाकालीस्थान ख्यःपुखुचा क्षेत्रमा मुःबाहाँ जात्रा हुनेछ। माघ २१ गते याछेँमा ङालाकेगु जात्रा सम्पन्न भएपछि राति नवदुर्गा मन्दिरको चोकमा आरती नाच हुनेछ।

माघ २२ गते बिहीबार बिहान भक्तपुर र काभ्रे जिल्लाको सिमानामा पर्ने साँगा नवदुर्गा देवगणहरू प्रस्थान हुने, साँझ टोलहरू परिक्रमा गरी खःप्याखं प्रदर्शन हुनेछ र नारायणस्थानमा मुःबाहाँ जात्रा हुनेछ। माघ २३ गते ङालाकेगु जात्रा सम्पन्न भएपछि राति नै भक्तपुर फर्किने छ। माघ २४ गते शनिबार टौमढी टोल परिक्रमा गरी भैरवनाथ मन्दिर अगाडि खःप्याखं प्रदर्शन हुनेछ र माघ २५ गते ङालाकेगु जात्रा हुनेछ। सोही राति तालाक्व टोल परिक्रमा गरी खःप्याखं प्रदर्शनी गर्ने र सूर्यविनायक चोक क्षेत्रमा मुःबाहाँ जात्रा हुनेछ। माघ २६ गते तालाक्वमा ङालाकेगु जात्रा गरिनेछ। माघ २७ गते मङ्गलबार नासमना न्हेस टोल परिक्रमा गरी राति नासमनामा खःप्याखं प्रदर्शन गर्ने र बाराही पीठमा मुःबाहाँ जात्रा गरिनेछ। माघ २८ गते नासमनामा ङालाकेगु जात्रा हुनेछ। माघ २९ गते गःहिटी टोल परिक्रमा गरी गःहिटीमा खःप्याखं प्रदर्शन गर्ने र ल्योसिंखेलमा मुःबाहाँ जात्रा गरिनेछ। फागुन १ गते गःहिटीमा ङालाकेगु जात्रा गरिनेछ। फागुन २ गते शनिबार क्वाछेँ टोल परिक्रमा गरी क्वाछेँमा खःप्याखं प्रदर्शन गर्ने र भगवतीस्थानमा मुःबाहाँ जात्रा गरिनेछ। फागुन ३ गते क्वाछेँमा ङालाकेगु जात्रा सम्पन्न भएपछि मन्दिर फर्किने र राति नै टिबुक्छेँ तथा चासुखेल टोल परिक्रमा गर्न लाने, टिबुक्छेँमा खःप्याखं प्रदर्शन गर्ने र ल्योसिंखेल उत्तरतर्फ क्षेत्रमा मुःबाहाँ जात्रा गरिनेछ। फागुन ४ गते टिबुक्छेँमा ङालाकेगु जात्रा सम्पन्न भएपछि नवदुर्गा मन्दिरको चोकमा आरती नाच प्रदर्शन गरिनेछ। फागुन ५ गते बिलाछेँ भण्डारखाल टोल परिक्रमा गरी लायकू (दरबार स्क्वायर) मा खःप्याखं प्रदर्शन हुनेछ र फागुन ६ गते ङालाकेगु जात्रा हुनेछ। फागुन ७ गते खौमा टोल परिक्रमा गरी खौमा प्रवेशद्वार अगाडि खःप्याखं प्रदर्शन हुनेछ र मिवा (भक्तपुर औद्योगिक क्षेत्र परिसर) मा मुःबाहाँ जात्रा हुनेछ। फागुन ८ गते खौमामा ङालाकेगु जात्रा गरिनेछ। फागुन १२ गते मङ्गलबार इटाछेँ टोल परिक्रमा गरी इटाछेँ च्वङा गणेश द्यःछेँ अगाडि खःप्याखं र फागुन १३ गते ङालाकेगु जात्रा हुनेछ।

फागुन १५ गते शुक्रबार बिहान काभ्रे जिल्लाको नालामा नवदुर्गा देवगणहरू प्रस्थान हुने छन्। नाला पुगेपछि साँझ नालाका टोलहरू परिक्रमा गरिनेछ। फागुन १६ गते नालाको लायकुमा मुःबाहाँ जात्रा हुनेछ। पुनः टोलहरू परिक्रमा गरी नाला भगवती मन्दिर अगाडि राति खःप्याखं प्रदर्शन गरिनेछ। फागुन १७ गते नालामा ङालाकेगु जात्रा सम्पन्न गरी फागुन १८ गते सोमबार बिहान धुलिखेल प्रस्थान हुनेछ। दिउँसो धुलिखेलका टोलहरू परिक्रमा गरी राति तवली चोकमा खःप्याखं र फागुन १९ गते ङालाकेगु जात्रा सम्पन्न गरिनेछ। ङालाकेगु जात्रा सकेपछि जात्राखेल चोकमा मुःबाहाँ जात्रा हुनेछ। त्यसपछि बिदाइ पूजा गरी धुलिखेलमा हुने नवदुर्गाको सम्पूर्ण जात्रा सम्पन्न गरिन्छ। फागुन २० गते बिहान नवदुर्गा गण धुलिखेलबाट श्रीखण्डपुरमा प्रस्थान हुनेछ। त्यहाँ बिहान गणेश, कुमार, सिम्ह, दुम्ह (प्यम्हा द्यो)/(चार जना देवगण) को नाच प्रदर्शन हुनेछ। दिउँसो चौकोट भन्ने स्थानमा प्यम्हा द्योको नाच प्रदर्शन गरी जात्रा सम्पन्न गरिन्छ। त्यसपछि श्रीखण्डपुरबाट भक्तपुर फर्किनेछ।

पाहाँ चरे तिथिपछि भक्तपुरको बालाखु टोल, मातातीर्थ औंसी तिथिमा काभ्रेको बनेपा र पनौती नगरपालिकामा ङालाकेगु जात्रा हुने गर्छ। त्यसपछि भक्तपुरकै तुलाछेँ र चोछेँमा ङालाकेगु जात्रा हुन्छ। सितिनखाको आठ दिनपश्चात् भक्तपुर दरबार क्षेत्र इछु टोलमा यस वर्षको अन्तिम ङालाकेगु जात्रा गरिन्छ।

*(लेखक नवदुर्गा देवगण जात्रा तथा मन्दिर व्यवस्थापन संस्थाका सल्लाहकार हुनुहुन्छ।)*

## भेनेजुयलाको बोलिभारियाली गणतन्त्रको वक्तव्य

# अमेरिकी सरकारको निन्दा गर्दै जवाफदेही बनाउन लागौं !

भेनेजुयलाको बोलिभारियाली गणतन्त्र संरा अमेरिकाको वर्तमान सरकारले भेनेजुयाली भूगोल तथा जनताविरुद्ध राजधानी काराकसका नागरिक तथा सैन्य क्षेत्रहरूका साथै मिरान्दा, अरागुआ र ला गुआइरा राज्यहरूमा अत्यन्त गम्भीर सैन्य आक्रमण गरेकोमा अन्तर्राष्ट्रिय जगतसामु अस्वीकार, निन्दा एवम् भर्त्सना गर्दछ । अमेरिकी कार्य संयुक्त राष्ट्रसङ्घको बडापत्रको खुला उल्लङ्घन हो । विशेषत: बडापत्रको दफा १ र २ मा (सदस्य देशहरूको) सार्वभौमसत्तालाई सम्मान, कानुनका नजरमा (सदस्य राज्यहरूको) समान हैसियत तथा (सदस्य राज्यविरुद्ध) बलप्रयोगलाई निषेध गरिएको छ ।

यस्तो आक्रमणले अन्तर्राष्ट्रिय तथा विशेषत: ल्याटिन अमेरिका र क्यारिबियाको शान्ति र स्थिरतालाई गम्भीर खतरामा पार्नुका साथै करोडौं जनताको जीवनलाई जोखिममा पारेको छ ।

यस आक्रमणको उद्देश्य भेनेजुयलाको राजनीतिक स्वाधीनतालाई बलपूर्वक तोड्दै यहाँका रणनीतिक स्रोतसाधनमाथि कब्जा जमाउनु हो; विशेषगरी यहाँको इन्धन र खनिज सम्पदा कब्जा गर्नु हो । तिनीहरू सफल हुनेछैनन् । दुई सय वर्षसम्म स्वतन्त्र देशको रूपमा बाँचेका यहाँका जनता र यिनको वैध सरकार अहिले आफ्नो सार्वभौमसत्ता तथा आफ्नो भाग्यको निर्णय आफै गर्ने अविच्छिन्न अधिकारको रक्षा गर्न दृढ छन् ।

फासीवादी सम्भ्रान्त वर्गसँगको मिलेमतोमा देशको गणतान्त्रिक सरकारलाई ध्वस्त गर्न बलजफ्ती



उपनिवेशवादी युद्ध थोप्ने र बलात 'सत्तापलट' गर्न खोज्ने प्रयास अघिल्ला दुष्प्रयासहरूजस्तै विफल हुनेछ ।

सन् १८११ यता भेनेजुयलाले विभिन्न साम्राज्यको सामना गरेको र तिनलाई परास्त गरेको छ । सन् १९०२ मा विदेशी शक्तिहरूले हाम्रा समुद्री तटहरूमा बमबारी गर्दा राष्ट्रपति सिप्रियानो क्यास्त्रोले घोषणा गर्नुभयो, "विदेशीको उद्दण्ड पाइलाले हाम्रो मातृभूमिको पवित्र भूमिलाई बिटुल्याएको छ ।" आज बोलिभार, मिरान्डा र हाम्रा मुक्तिदाताहरूको नैतिकबलका साथ भेनेजुयली जनताले साम्राज्यवादी आक्रमणको सामना गर्दै आफ्नो स्वाधीनताको रक्षा गर्न उठेका छन् ।

बोलिभारियाली सरकार देशका सम्पूर्ण सामाजिक र राजनीतिक शक्तिहरूलाई परिचालित हुन र यो साम्राज्यवादी हमलाको प्रतिकार गर्न आह्वान गर्दछ । भेनेजुयलाका जनता र यहाँको बोलिभारियाली राष्ट्रिय सशस्त्र बल, जनता-सेना-प्रहरीको एकमना एकता प्रदर्शन गर्दै सार्वभौमसत्ता तथा शान्ति सुनिश्चित गर्न तैनाथ भएका छन् । 'शान्तिका लागि बोलिभारियाली कूटनीति' ले संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्, यसका महासचिव, सेलाक र नामसमक्ष आफ्नो उजुरीपत्र बुझाउनेछ; संरा अमेरिकी सरकारको निन्दा गर्न तथा उसलाई जवाफदेही बनाउन माग गर्नेछ ।

यस अर्थमा राष्ट्रपति निकोलस मादुरोले राष्ट्रको सरहदभरि बाह्य चलखेलको स्थिति रहेको घोषणा गर्दै आदेशमा हस्ताक्षर गर्नुभएको छ । जनताको हकअधिकारको रक्षा गर्न, यस गणतन्त्रका विभिन्न निकायको पूर्ण रूपमा सञ्चालित हुन तथा तत्कालै सशस्त्र सङ्घर्षमा जान उहाँले आदेश दिनुभएको छ । यो साम्राज्यवादी आक्रमणलाई परास्त गर्न समग्र देश नै सक्रिय हुनुपर्छ ।

उहाँले देशका समग्र रक्षा कमान्डलाई सम्पूर्ण प्रान्त तथा नगरपालिकाहरूमा तत्कालै तैनाथ हुन आदेश दिनुभएको छ । संयुक्त राष्ट्रसङ्घको बडापत्रको दफा ५१ मा प्रतिबद्ध रहँदै भेनेजुयलाले आफ्ना जनता, भूभाग एवम् स्वाधीनताको रक्षा गर्ने वैध अधिकार प्रयोग गर्ने हक राख्छ ।

राष्ट्रपति निकोलस मादुरोले भेनेजुयलाको बोलिभारियाली गणतन्त्रको संविधान, अपवाद परिस्थितिको मौलिक कानुन तथा राष्ट्रिय सुरक्षाको मौलिक कानुनमा उल्लेख प्रावधानहरूमा टेकेर उपयुक्त समय र परिस्थितिमा सम्पूर्ण राष्ट्रिय प्रतिरक्षा योजना कार्यान्वयन गर्ने प्रबन्ध मिलाउनुभएको छ ।

हामी ल्याटिन अमेरिका, क्यारिबिया एवम् विश्वभरिका जनता तथा सरकारहरूलाई यो साम्राज्यवादी आक्रमणविरुद्ध सक्रिय ऐक्यबद्धता जनाइदिनुहुन आग्रह गर्दछौं ।

सर्वोच्च कमान्डर ह्युगो चाभेज फ्रायजले भन्नुभएको थियो, "साना-ठूला जत्रा हुन्, नयाँ जटिलताहरू आए भने सम्पूर्ण देशभक्तहरूले एउटै जवाफ दिन्छन् - एकता, सङ्घर्ष, लडाइँ र विजय ।"

काराकस । ३ जनवरी, २०२५ ।

## भेनेजुयलामाथि अमेरिकी आक्रमणविरुद्ध एक स्वाभिमानी नागरिक

✍ तेरेसा विश्वकर्मा

ए अमेरिका
म एक स्वाभिमान नागरिक हुँ,
त्यसैले त
बमको विरोधी हुँ
न्यायको पक्षमा बोल्छु ।

आज भेनेजुयला जलिरहेको छ,
र आगो बाल्ने हात
माइक्रोफोन समातेर
मानवअधिकारको प्रवचन दिइरहेको
छ ।

सुन अमेरिका,
यदि बमले
लोकतन्त्र जन्माउँथ्यो भने
इराक आज चिहान हुने थिएन,
अफगानिस्तान
अनाथालय बन्ने थिएन ।
तिमीले लगाएको प्रतिबन्ध
नीति होइन,
सामूहिक सजाय हो ।

भोक भेनेजुयलाको अपराध होइन,
तिमीले थोपरिएको
हिंसा हो ।

जहाँ तेलको गन्ध आउँछ
त्यहाँ तिम्रो नैतिकता मर्छ,
र 'मानवअधिकार'
प्रेस विज्ञप्तिमा
ढलेर बस्छ ।

ड्रोन उड्दा
हामी कानुन देख्दैनौं,
हामी आकाशबाट
मृत्यु झर्दै गरेको देख्छौं ।

म एक स्वाभिमान नागरिक हुँ,
मलाई थाहा छ
अमेरिका तिम्रो पाठ्यक्रम
पहिले नाकाबन्दी,
पछि बम,
अनि अन्त्यमा
'मुक्ति' को भाषण ।

भेनेजुएला,
तिमी एक्लो छैनौ ।
हरेक स्वाभिमानी देशहरूले
तिम्रो पीडामा
आफ्नै इतिहास पढिरहेका छन् ।

र बुझिरहेछन्
अमेरिका,
शक्ति होला
तर सत्य हैन
सत्य त
हाम्रो चिहानमा लेखिएको छ ।

म कायर हैन
त्यसैले तटस्थ बस्दिनँ,
किनकि तटस्थता
अत्याचारको
सबैभन्दा सभ्य समर्थन हो ।

आज मेरो आवाज सानो छ,
तर याद राख
साम्राज्यहरू
यस्तै साना झिर्काहरूले
तिम्रो साम्राज्य ढनाउन सक्छ
जलाउन सक्छ ।

म एक स्वाभिमान नागरिक हुँ

***राष्ट्रपति....***

सार्वभौमिकतामाथि हस्तक्षेप तुरुन्त बन्द गर्न ट्रम्प प्रशासनलाई सचेत गराउँदछ; राष्ट्रपति मादुरो र उहाँकी पत्नीलाई सकुशल फिर्ता गरी भेनेजुयाली जनताको स्वतन्त्रताको सम्मान, अन्तर्राष्ट्रिय कानुनको पालना तथा संयुक्त राष्ट्र सङ्घको बडापत्रको कदर गर्न आह्वान गर्दछ ।

भेनेजुयाली जनताको साम्राज्यवादविरोधी सङ्घर्षमा विश्वका जनतासँग नेमकिपा ऐक्यबद्धता व्यक्त गर्दछ । भेनेजुयला र क्यारिवियाली क्षेत्रमा युद्ध होइन शान्ति आवश्यक भएको पार्टीको दृढ अडान पुन: दोहोऱ्याउँछ । अमेरिकी प्रशासनले संसारका अन्य देशको सार्वभौमिकता र आन्तरिक मामिलामा हस्तक्षेप गर्न अविलम्ब रोक्न जरुरी छ । भेनेजुयला र ल्याटिन अमेरिकामा अमेरिकी हस्तक्षेप र आक्रमण तत्काल बन्द गर्न नेमकिपा अपिल गर्दछ ।"

***नवप्रवेशी...***

तथा जनश्रमदान प्राप्त हुने र यसले अपनत्व प्राप्त भई प्रभावकारी काम हुने पनि बताउनुभयो । पुरानो पुस्ताको सिर्जित सम्पदा संरक्षण, पुन: निर्माण तथा जीर्णोद्धार गरी आफ्नो मौलिक कला र संस्कृतिमार्फत हाम्रो पहिचान देखाई पर्यटन विकास सम्भव भएको हो र यसले नयाँ पुस्ताको सेवा गरिरहेको पनि बताउनुभयो । उहाँले सबै नवप्रवेशी अधिकृतहरूले पनि आगामी दिनमा देश र जनताहरूको निस्वार्थ सेवा गर्न शुभकामना दिनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुरका जनताको सहयोगबाट २०७२ सालको भूकम्पबाट क्षति पुगेका सम्पदाहरू कुनै पनि विदेशी सहयोग बिना झण्डै ९० प्रतिशत पुन: निर्माण गरिरसकेको र हरेक पुन: निर्माणको आयव्यय पारदर्शी गरेको कुरा बताउनुभयो । उहाँले नवनियुक्त अधिकृत प्रशिक्षार्थीहरूलाई नगरपालिकाका प्रकाशनहरू उपहार स्वरूप प्रदान गर्नुभयो ।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेस प्रताप मल्लले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालबाट जनताहरूलाई न्युन शुल्कमा नै विशेषज्ञ सेवा प्रदान गरिरहेको जानकारी दिनुभयो । उहाँले नि:शुल्क अक्सिजन वितरणदेखि ख्वप अस्पतालबाट प्रदान गरिरहेको सेवा प्रवाहबारे जानकारी दिनुभयो ।

अवलोकन भ्रमणको सहजीकरण भक्तपुर पर्यटक सेवा केन्द्रका प्रमुख गौतमप्रसाद लासिवाले गर्नुभई भक्तपुर नगरपालिकाले पर्यटक सेवा शुल्क सङ्कलन गरी यहाँको कला संस्कृति, सम्पदा संरक्षण, शिक्षा, स्वास्थ्य र सरसफाइमा खर्च गरिरेहको र यहाँको सम्पदाहरूबारे पनि विस्तृतमा जानकारी दिनुभयो । अवलोकन भ्रमणमा पर्यटक सूचना तथा सेवा केन्द्रका अधिकृत शरद खत्री र मुरजदिदियाले सम्पदा अवलोकनमा पथप्रदर्शक भई भक्तपुरको कला संस्कृति र सम्पदाबारे जानकारी दिनुभयो । भ्रमणमा प्रतिष्ठानका अधिकृत, नेपाल प्रहरीका प्रशिक्षक र प्रशिक्षकसहित करिब १२० जनाको उपस्थिति थियो ।

**विज्ञापन व्यवसाय सञ्चालन गर्दा ध्यान दिऔं।**

❖विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं।
❖विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं।
❖विज्ञापन सम्बन्धी कुनै गुनासो भए विज्ञापन बोर्डमा उजुरी गरौं।
❖विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच द्विपक्षीय तथा त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं।
❖सञ्चारमाध्यमबाट जारी बीजकको आधारमा एजेन्सीको शुल्क खुलेको बिलबाट मात्र विज्ञापनको रकम भुक्तानी गरौं।
❖सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तिन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं।

विज्ञापन व्यवसायलाई मर्यादीत तथा पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**भरोसा बचत तथा ऋण सहकारी संस्था लि.**
सू.न.पा. ९, पलाँसे, भक्तपुर
फोन : ०१-६५४०७०५

**कर्जा चुक्ता गर्न आउनेसम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना**

प्रकाशित मिति २०८२।०९।२१ गते

यस भरोसा बचत तथा ऋण सहकारी संस्था लि. बाट तपसिलमा उल्लेखित ऋणी सदस्यहरूले व्यापारिक कर्जा लिएबापत संस्थालाई तिर्न बुझाउनुपर्ने सावाँ, ब्याज र हर्जनालगायत अन्य दैदस्तुर नतिरी कर्जासम्बन्धी सर्त बन्देज उल्लङ्घन गरेकोले सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रूपमा तरताकेता गराउँदासमेत सोको बेवास्ता गरेको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण सावाँ, ब्याज र हर्जनासमेतको सबै रकम बुझाई ऋण चुक्ता गर्नुहोला । अन्यथा सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा संस्थाको विनियमअनुसार धितो सुरक्षण लिलाम गरी संस्थाको लेना रकम असुलउपर गरिने व्यहोरासमेत जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | ठेगाना | व्यक्तिगत तस्विर | धितो सुरक्षण रहेको सम्पत्तिको विवरण |
|---|---|---|---|
| **नाम थर**: पुण्यराम ब्याञ्जु<br>**बुबाको नाम** : हरिकृष्ण ब्याञ्जु<br>**बाजेको नाम** : शिवदास ब्याञ्जु<br>**श्रीमती** : सुलोचना बोहजु | चित्तपोल गा.वि.स. वडा नं:१<br>हालको ठेगाना : सू.न.पा.१०, भक्तपुर<br>ना.प्र.प.नं. ३२०३८ |  | ऋणी पुण्यराम ब्याञ्जुको नाममा भक्तपुर मालपोत कार्यालयमा दर्ता भई एकलौटी स्रेस्ता कायम भएको साबिक दधिकोट गा.वि.स. वडा नं. ४ हाल सू.न.पा. वडा नं. ४ कि.नं : १४५४ क्षेत्रफल ०-११-३-१ को जग्गा |
| **नामथर** : सुलोचना बोहजु<br>**बुबाको नाम** : चन्द्रबहादुर बोहजु<br>**ससुराको नाम** : हरिकृष्ण ब्याञ्जु<br>**श्रीमान्को नाम** : पुण्यराम ब्याञ्जु | ताथली गा.वि.स. वडा नं : ८ भक्तपुर<br>ना.प्र.प.नं.२९-०१-०६७-०७४६४<br>हालको ठेगाना : सू.न.पा. १० |  | |

**हार्दिक समवेदना**



जन्म: २००४/०६/०४
निधन: २०८२/०९/०३

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ८ च्याम्हासिंह बस्ने यस संस्थाका सदस्यता नं. ४१३६ का सदस्य जगतशेर ज्याख्वाको असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

**हार्दिक समवेदना**



जन्म : २००६/१२/१८
निधन : २०८२/०९/०९

यस समूहका सदस्य सत्यराम कासिछ्वाका पूजनीय पिता **सीताराम कासिछ्वा**को दु:खद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**आरम्भ नेपाल**

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा